# अध्याय एक

# परिचय

## १. पृष्ठभूमि

सन् १९७० दशकको शुरुताका भारतको महाराष्ट्रका शुद्रहरुले शुद्र आन्दोलनको लागि एउटा दस्ता गठन गरे जसको नाम 'दलित प्यान्थर' राखिएको थियो र त्यो प्रत्यक्ष रूपमा अमेरिकाका मार्टिन लुथर किङ्गको देहान्त पछि गठन भएको 'Black Panther' दस्ताकै स्वरुपमा विकसित भएको थियो ।

यसरी दलित शब्द पहिलो चोटि आधिकारिक तथा संस्थागत रूपमा महाराष्ट्रीयन शुद्रहरुले आफ्नो समुदायको विम्बका रूपमा प्रयोग गरेका थिए । माराठी भाषामा दलित शब्दको अर्थ पिसिएको र माथिल्लो वर्गले कहिले उठ्न नदिएको भन्ने हुन्छ । तत् पश्चात यो शब्द संसार भर ब्याप्त भयो (Zelliot, 1992) ।

वृहत नेपाली शब्दकोष (२०४०) मा दलित शब्दको अर्थ "दलिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको, विध्वंस गरिएको र नष्ट गिरिएको साथै समाजमा हक इज्जत र प्रतिष्ठा समानरुपले पाउन नसकेको जाति वा समूह, सामाजिक व्यवस्थाको असमानताले शोषिएको वा पछि परेको जनसमुदाय भनी स्पष्ट गरिएको छ ।

राष्ट्रिय दलित आयोगको स्थापना गर्न बनेको विधेयक २०५९ मा "दलित समुदाय" भन्नाले जातीय भेदभाव र छुवाछूतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक एवं धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवं सामाजिक न्याय पाउन नसकेको समुदाय भन्दै सोही विधेयकको अनुसुची १ मा उल्लेखित जातहरू विश्वकर्मा (कामी, सुनार, लोहार, टमटा, चुनारा, ओड), दर्जी (दमाई, परियार, हुडके, ढोली) सार्की (मिजार, चर्मकार), वादी, गाइने (गन्धर्व), कपाली, खड्गी, देउला, कुचे, चमार, दुसाद (पासवान, हजरा), धोवी (रजक), तत्मा, डोम, बाँतर, खत्वे, मुसहर, हलखोर, पत्थरकट्टालाई दलित मानेको छ ।

नेपालको सामाजिक संरचना चर्तुवर्णमा आधारित छ । जसमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र रहेका छन् । यस सामाजिक संरचना भित्र शुद्रको भूमिका निशेधित रूपमा सीमित गरिएको छ । शुद्र मध्येकै अजात मानी पानी नचल्ने तहमा राखेको समूहलाई 'दलित' समूह

मानिएको छ । दलितहरू आर्थिक रूपले शोषित, राजनितिक रुपले पछाडि परेका छन भने सामाजिक रूपले तिरस्कृत तथा अछूतको रूपमा रहँदै आएका छन । त्यस्तै राजनितिक, आर्थिक र सामाजिक असमानता ब्यापक र गहिरो रहेको छ । त्यही जातीय विभेदले गर्दा यी जाति राजनितिक र शैक्षिक रूपमा पाखा पारिएका छन् (प्रधान,२०५६) ।

नेपालमा तिन प्रकारका दलित पाइन्छन् । पहाडी दलित जो पुस्ता दरपुस्ता देखि पहाडमा बस्दै आएका छन् र तराईवासी दलित जो तराईमै पुस्तौदेखि बसेका छन । पहाडी दलितमा कामी, दमाई, सार्की, गाईने र बादी पर्दछन् भने तराईका दलितहरूमा मुसहर, चमार, धोबी, खत्वे, तत्मा, कहार र डोम जाति पर्दछन । त्यस्तै उपत्यकाको नेवारी समाजमा रहेका पोडे, च्यामे, कसाई आदि पनि दलित वा अछूत जातिमा पर्दछन् ( प्रधान,२०५६) ।

अध्ययन गरिने समुदायको सन्दर्भमा भन्नुपर्दा हिन्दु वर्णाश्रम धर्म अन्तर्गतको शुद्रवर्ण अन्तरगतको 'डोम' पनि एक हो । नेपालको मध्य र पूर्वी तराईमा विषेशतः पश्चिम नेपालको तुलनामा ज्यादा बसोवास गरेको पाइन्छ (विशुन्के, विश्वकर्मा, २०६५) ।

सन्. २०११ को जनगणना अनुसार यो जातिको कुल जनसंख्या १३२६८ देखाइएको छ, जुन यो देशको कुल जनसंख्याको ०.०६% हुन आउँछ । (Statiscal year book of Nepal, 2011)।

डोम जातिको उत्पति बारे मनुस्मृतिमा केही कुरा उल्लेख गरिएको छ । जसअनुसार-

*'क्षत्रियाद्विप्रकन्यायां सुतो भवति जातित ११*

*वैश्यान्मागद्यवैदेहि राज विप्राङ्नासुतौ*

*शुद्रादायोगवःक्षता चणडलश्चद्यर्मौ नृगाम । १२*

अर्थात प्रतिलोम विवाह अनुसार ब्राह्मण वर्णकी केटी र शुद्र वर्णको केटाको विवाह पश्चात उत्पन्न सन्तान नै डोम वा चण्डाल हुन् । यो डोम जाति चारै वर्ण र सबै जाति भन्दा तल्लो जाति हो (मनुस्मृति, प्रथम भाग १९८८, दशम भाग) ।

डोमहरु ग्रामीण भेगतिर भोजभतेरमा फ्याकिएको जुठो खान्छन् । यसमा तत् जातिमा एउटा लोक कथाको ब्याख्या गरेको कुराको सन् १९९४ मा लिखित 'ट्राईवल

ईथ्नोग्राफी अफ नेपाल' भोलुम १ मा यसरी ब्याख्या गरिएको छ । शिब र पार्वतीले परापूर्वकालमा सबै जात जातिका प्रतिनिधिलाई भोजमा निम्तो गरेछन । सो भोजमा डोम जातिका पुर्खा सतपुतःभगत ढिलो गरी पुगेछन । निकै भोकाएर पुगेका उनले सबैले खाएर रहेको जुठोपुरो खाएछन । त्यसबेलादेखि डोमहरुले जुठोपुरो खाने चलन रितिस्थिति कै रुपमा बसेको हो भनी उल्लेख गरिएको छ । यसै गरी सोही पुस्तकमा तराईवासी डोम भारतीय महाद्वीपमा 'द्रविड' जाति भन्दा पुरानो भनी इङगित गरिएको छ ।

यो जातिलाई पहाडी समुदायले 'डुम' भनेता पनि उनीहरुले एउटा जातिको रुपमा चिनाउदा 'डोम' नै भन्दछन । यो जातिको मुख्य पेशा डालो, नाङ्लो, ढकिया, भकारी, हाते पंङखा, आदि बनाउनु हो । यिनीहरू यस्ता बस्तुहरू बाँसबाट बनाउने भएकोले आफूहरुलाई बाँसमाली भन्न रुचाउदछन जसको अर्थ बाँसको काम गर्ने हुन्छ । साथै सुंगुर पाल्ने जातको नामले समेत यिनिहरु प्रख्यात छन् । यिनीहरु आजभोलि जीविकोपार्जनका निमित्त अन्य पशुपंक्षी पाल्नुका साथै सरकारी/निजि शौचालय सफा गर्ने र लास गाडने काम समेत गर्दछन (विशुन्के, विश्वकर्मा २०६५) । दुनियाको सरसफाई गर्ने जाति स्वयम आफ्नो सरसफाइमा भने ध्यान पुऱ्याउदैनन् । हालसम्म प्राप्त तथ्याङ्क अनुसार यिनीहरु तीन थरका मात्र पाईएका छन जुन, सदा, मघैयासदा र गुरुसदा हुन् (पाण्डेय, २०६४) । चाखलाग्दो कुरो के भने 'मरेपछि डुमै राजा' भन्ने पहाडी समुदायमा भनाई रहेता पनि पहाडी भू-भागमा डोमको एक घर पनि पाइदैन । अतः यिनीहरुको बसोवास तराई प्रदेशमा मात्र सीमित रहेको छ । यिनीहरु खास गरी सप्तरी, धनुषा, सर्लाही, महोत्तरी र रुपन्देही जिल्लामा अन्य जिल्लाको तुलनामा बाक्लो गरी बसोवास गरेका छन । तथापि तराईका अन्य जिल्लामा पनि थोरबहुत डोमहरूको बसोवास रहेको छ (पाण्डेय, २०६४) ।

डोम जातिको सामाजिक अवस्था अत्यन्तै दयनीय रहेको छ । यिनीहरू सामाजिक रुपमा सदियौंदेखि अपमानित तथा अपहेलित जीवन जिउन बाध्य हुँदै आएका देखिन्छन् । दलित समुदाय भित्र पनि सबै भन्दा नीच जीवन जिउन वाध्य पारिएका छन् । यिनीहरू आफ्ना गाँउमा पनि सबैको हेलाका पात्र बनेका छन् । यिनीहरुलाई गाँउका ठूलाबडा भनिने र आफ्ना नाति-नतिना सरहकाले पनि अपमानित ढङ्गले सम्बोधन गर्ने गरेको पाइन्छ । उनीहरुलाई गाँउको विकास निर्माण कामदेखी भेलागोष्ठी कहीकतै बोलाइदैन र बोलाएमा पनि सुन्ने काम मात्र हुन्छ उनीहरुको राय कसैले लिदैनन् । चरम भेदभाव र छुवाछूतको शिकार बनेको यो जातिलाई निजी, सार्वजनिक, मठमन्दिर तथा बाटोघाटोमा समेत भेदभाव

गरिन्छ । उनीहरुले उत्पादन गर्ने वस्तुहरुको खरिदमा पनि उत्पादनको अवमूल्यन गरी भेदभाव गरिएको पाइन्छ । यसअर्थमा उनीहरू मूलतः आर्थिक रूपले शोषित र सामाजिक रूपले उपेक्षित छन् । उनीहरुले बाँसको समान बनाउने बाँस बजारमा प्रतिघना रु १०० प्रचलित छ भने बाँस खरिद गर्न जाने, चोया काट्ने खिप्ने र सामग्री तयार गर्न सात दिन लाग्दछ । एउटा बासको नाङ्लो रु ७० मा बिक्दछ (विशुन्के, विश्वकर्मा २०६५) ।

ब्याप्त शोषण र उत्पीडनको भारीले थिचिएका डोमहरुको नेपालको तराई भूभागको जनजीवन एंवम संस्कृतिमा विशिष्ट योगदान छ, यस जातिको बदलिदो जीविकोपार्जनमा गरिने अध्ययनले समग्र नेपाली समाजको अध्ययनमा ठूलो सघाउ पुग्ने छ ।

पर्सा जिल्ला वीरगंन्ज उ.प.मा.न.पा का विभिन्न वडामा डोमहरु छरिएर रहेका छन् । त्यस मध्ये वडा.न १ र ९ पनि हो । यस अध्ययनले नेपालको समाजशास्त्रीय पाटा-पक्षमा सहयोग पुग्ने छ ।

## १.२ समस्याको कथन

नेपालको विभिन्न भागमा बसोबास गरी रहेको विविध जातजाति तथा जनजातिको सम्वन्धमा विभिन्न दृष्टिकोणका आधारमा अध्ययन भइरहको पाइन्छ । तथापि नेपालको मध्यमाञ्चल विकास क्षेत्र, नारायणी अन्चल अन्तरगतको पर्सा जिल्लाको वीरगंन्ज उ.प.म.न.पा मा बसोवास गरीरहेका तथा तराईका अन्य जिल्लामा पनि थोर वहुत रुपमा बसोवास गरिरहेका दलित मध्येको पनि सबै भन्दा तल्लो बर्गीकरणमा परेको डोम जातिको अध्ययन खासै भएको पाइँदैन । 'मेची माहाकाली' भाग ४, १९७४ मा डोमहरु धैरै वर्ष अघि मैथिल ब्राम्हण र राजपुत  सँगै दक्षिण भारतबाट नेपालको सप्तरीमा आई बसोवास गर्न थालेको उल्लेख छ । जे भएता पनि नेपाल जस्तो वहुजातिय मुलुकमा प्रत्योक जाति, जनजाति र समुदायका बारेमा वैज्ञानिक खोज अध्ययन हुनु आफैमा महत्वपूर्ण कुरा हो । यस अध्ययनले डोमहरुको जीविकोपार्जनको बदलिदो अवस्था, संस्कृति, जनजीवनका साथै समाजशास्त्र मानवशात्रका लागि अध्ययनको विषयवस्तु उठान गरिदिने छ । गा.वि.स, जि.वि.स तथा नेपाल सरकार एंवम तत् समुदाय प्रति चासो राख्ने प्रत्येकलाई यस अध्ययनले जातीय पहिचान तथा विकास, सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक समास्याको पहिचान तथा निराकरणका उपायका निम्ति सहयोग पुऱ्याउने छ । साथै यसले

डोमहरूको उत्थान र विकासका निम्ति केही मार्ग निर्देशन दिने छ । यस अध्ययनको ध्येय निम्न प्रश्नहरुको उत्तरसँग सम्वन्धित रहने छ ।

- यस जातिको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, आर्थिक अवस्था कस्तो रहेको छ ?
- उनीहरूको समाजिक जीवनमा के कस्तो परिवर्तन आइरहेको छ ।
- उनीहरूको परम्परागत पेशामा के कस्ता परिवर्तन आइराखेको छ र त्यसका कारण के के हुन् ?
- यो जातिको समाजिक संरचना कस्तो छ ?

यी माथि उल्लेखित कुराको अनभिज्ञतानै यो अध्ययनको समस्या हो अतः यस्ता समस्याहरुमै अध्ययन केन्द्रित रहने छ ।

## १.३ अध्ययनको उदेश्य

यस अध्ययनले सामान्यतया पर्सा जिल्लाको वीरगंज उ.म.न.पा.का डोमहरूको जीविकोपार्जन, रहनसहन, परम्परागत मान्यता र पेशागत परिवर्तनका साथै डोम जातिको संक्षिप्त परिचयको वारेमा प्रकाश पार्नेछ । यद्यपि यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्न बमोजिम छन् ।

- डोम जातिको संक्षिप्त सामाजिक अवस्था माथि विश्लेषण गर्ने ।
- डोम जातिको जीविकोपार्जन सम्बन्धी अवस्थालाई विश्लेषण गर्ने ।
- डोम जातिको जातीय परम्परागत पेशा, वर्तमान अवस्थामा देखापरेका पेशागत परिवर्तन र प्रभावबारे प्रकाश पार्ने ।

## १.४ अध्ययनको महत्व

यस अध्ययन तथा अनुसन्धानमा अनुसन्धानकर्ताले डोम जातिको जीविकोपार्जनको अवस्थालाई उजागर गर्दै उनीहरुको परम्परागत मान्यता र पेशागत स्थितिमा देखापरेका परिवर्तनहरुलाई विश्लेषण गरिएको छ । त्यसको साथै डोम जातिको संक्षिप्त परिचय माथि विश्लेषण गरिएको छ ।

यस जातिको जीविकोपार्जन, आर्थिक तथा सामाजिक अवस्था, पेशागत स्थिति जस्ता पक्षको अध्ययन एंवम् अनुसन्धान गर्नुका पछाडि निम्नलिखित महत्व रहेको छ ।

- यस अध्ययनले पर्सा जिल्लाको वीरगंन्ज उ.म.न.पा को वडा. न. १ र ९ को डोमहरूका जीविकोपार्जन, परम्परागत मान्यता र पेशागत परिस्थितिमा देखापरेका परिवर्तनहरुलाई समाजशास्त्रीय ढङ्गबाट ब्याख्या र विश्लेषण गर्न सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनको वर्तमान अवस्थामा डोम जाति कुन अवस्थामा छ भन्नेकुराको जानकारी गराउन महत्वपूर्ण भूमिका खेल्ने छ ।
- दलित सम्वन्धी विभिन्न अध्ययन अनुसन्धान भए तापनि विशेषतः तराईमा बसोवास गर्दै आएका डोमहरूको अध्ययन अनुसन्धान एकदमै कमै मात्रामा भएको पाइन्छ । अतः यो अनुसन्धानले डोम जातिको समग्र अध्ययन अनुसन्धानमा अवश्य पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।
- डोमहरुको जीविकोपार्जनको बदलिदो अवस्था, संस्कृति, जनजीवनका साथै समाजशास्त्र मानवशात्रका लागि अध्ययनको विषयवस्तु उठान गरिदिने छ ।
- डोम समुदायको वास्तविक स्थिति पहिचान गरी उनीहरुको हक अधिकारका निमित्त चासो राख्ने जो कोही र जुनसुकै वर्ग र पेशागत समूह एवं स्वयम डोम समुदायकै निम्ति पनि यो अध्ययन उपयोगी हुने छ ।

# अध्याय - दुई

# सन्दर्भ सामग्रीको पुनरावलोकन

यस अध्ययनमा जीविकोपार्जन सम्बन्धी अनुभवजन्य अध्ययनको समीक्षा गरिनेछ । नेपालमा जीविकोपार्जन सम्बन्धी चर्चा परिचर्चा धेरै भए तापनि यसलाई समाजशास्त्रीय ढङ्गबाट बुझ्ने र बिश्लेषण गर्ने काम कम भएको पाइन्छ । विगतमा भएका यस्ता प्रकारका अध्ययन अनुसन्धान र दलित जातिहरू र डोम जाति सम्बन्धी गरिएको अध्ययन अनुसन्धानको बारेमा यस शीर्षकमा चर्चा गरिनेछ ।

## २.१ जीविकोपार्जन सम्बन्धी गरिएको अध्ययन

DFID (2000) ले जीविकोपार्जनलाई मुख्य ५ वटा पूँजीको आधारमा व्याख्या गरेको छ । १. मानव पूँजी (शिक्षा, स्वस्थ्य, सीप, कला) २. सामाजिक पूँजी (सामाजिक अन्तरसम्वन्ध) ३. भौतिक पूँजी (भौगोलिक अवस्था, जमीन, चरन, खेतीयोग्य भू-भाग, र विकासका पूर्वाधारहरु) ४. मौद्रिक पूँजी (बचत, ऋण, नाफा) ५. प्राकृतिक पूँजी (जग्गा-जमीन, पानी, जंगल) को उपलब्धताले जीविकोपार्जनलाई निर्धारण गर्दछ भन्ने ब्याख्या गरेको छ । जब कुनै पूँजी कमजोर हुन्छ वा शून्य हुन्छ तव दिगो जीविकोपार्जन सम्भव नभएको विश्लेषण गरेको छ । जीवनयापन वा जीवनचर्याको अवधारणाले खासगरी मानिसको बाँच्ने शैली तथा ढाँचालाई बुझाउदछ । कुनै ब्यक्ति/समूहले आफ्नो जीवन निर्वाह गर्ने कममा विभिन्न कियाकलापमा अपनाउने रणनीतिलाई बुझाउदछ । मानिसले आफ्नो जीवन चलाउनको लागि विभिन्न कारक तत्वहरुको भूमिका उल्लेखनीय हुन्छ । जस्तैः आर्थिक, मानवीय, सामाजिक, भौतिक, बातावरणीय राजनितिक आदि कारक तत्वहरुको समष्टिगत रूपलाई जीवनयापनको घेराभित्र राख्न सकिन्छ । त्यसैले जीविकोपार्जन भनेको शारीरिक क्षमता-दक्षता, सम्पति र सामाजिक क्रियाकलापहरू जुन बाँच्नका लागि अति आवश्यक छन भन्न सकिन्छ ।

नेपालका ग्रामीण भेगमा बस्ने मानिसहरूले पर्याप्त खाद्यान्नको अभावले शारीरक रूपमा कमजोर हुने र शारीरक परिश्रम बढी गर्नु पर्दा कमजोर र रोगको शिकार भई औषधी उपचारमा धेरै खर्च हुने अवस्थाले जीविकोपार्जन दिगो हुन सकेको छैन । ग्रामीण समुदायको दिगो जीविकोपार्जनको प्रमुख आधार जग्गा-जमीन वा त्यसमा उत्पादन हुने खेतीमा हो । भूमिको अभावमा नेपाली ग्रामीण जीविकोपार्जन असुरक्षित र अस्थिर छ । कृषि

नै जीविकोपार्जनको प्रमुख आधार भएको समुदायमा खेतीपाती उव्जाउने जमीन नहुनु जीविकोपार्जनको ठूलो चुनौति हो (गिरी २०६५) ।

पोखरेल र क्षेत्री(२००६) ले आफ्नो अध्ययन "दलितहरुको बदलिदो जीवनयापनको अवस्था" भन्ने शीर्षकमा पश्चिम नेपालको स्थानिय सीपयुक्त दलित र अन्य उच्च जातिको दैनिक जीविकोर्पानको बारेका विस्लेषण गरेका छन् । यसमा सुविधाविहिन तथा गरीब दलितलाई अन्य उच्च जाति सरह विकासको समग्र रुपमा विकासे तथ्यांकमा गाभिनु एक आफैमा विवादित सूचांक हो । यो अध्ययनले पाँचभैया गाउँ जो लेखनाथ नगरपालिकामा पर्दछ र त्याहाँका स्थानीय दलितहरुको बारेमा चित्रण गरेका छन । पेशाको हिसाबले त्याहाँका दलितहरू परम्परागत विभाजित काम - दमाई लुगा सिलाउने, कामी फलामको भाँडाकुडा बनाउने, अनि सार्कीले छालाको जुत्ता बनाउने गर्दछन । भूमि अभावको कारणले गर्दा उनीहरु जीविकोपार्जनको लागि परम्परागत काम तथा अन्य ठाउँमा मजदुरीको लागि बाहिरिएका छन् । दलितहरुले आफ्नो पुरानो पेशाले आफ्नो जीवनस्तर उकास्न नसकेको बरु विस्तारै गरीब हुँदै गएको भनेर भन्दछन् । त्यस ठाउँका दलितहरु आफ्नो परम्परागत पेशाबाट असन्तुष्ट मात्र हैन बरु उक्त पेशालाई नै त्याग्ने प्रकृयामा छन् । केही युवाहरुले परम्परागत पेशालाई मिति पुगेको (Out-Dated) र अहिलेको समयमा अप्रतिस्पर्धी र नसुहाउँदो बताउँदछन् ।

Caplan (1972) ले आफ्नो पुस्तकमा उच्च जात र दलित वीचमा असमान सम्बन्ध, शोषण, दमन द्वन्द रहेको बताएकी छिन् । जातीय रसी भित्र बाधिएका तल्ला जातिहरु उपल्ला जातिबाट अति शोषिएका छन । एकातर्फ उनीहरू उपल्ला जातिको घरमा प्रवेश पाउदैनन भने अर्कोतर्फ दिनभरी साहुको लागि हाडमासु खियाएर काम गर्दा पनि एकपेट राम्ररी खान पाएका छैनन भन्ने कुरालाई लेखिकाले बडो रोचक ढंगले उल्लेख गरेकी छिन । जीविकोपार्जनको लागि पशुपालन गर्दै आएको त्यस समाजमा ब्राह्मणहरुले गाई, भैसी र अछूतहरुले सुँगुर, कुखुरा पालेको र दूध तथा घिउ बेचेर अनी सरकारी कार्यालयमा जागिर खानेहुदा ब्राह्मणहरू सँग पैसा हुन्थ्यो जुन तल्लो जातिलाई ऋण स्वरूप दिन्थे अनि ऋण फिर्ता गर्न नसक्दा जग्गा जमिन हडब्दै जाने गरेको कुरालाई उल्लेख गरिएको छ ।

भुर्तेल (२०००) ले पोखराका कुमालहरुको जीवनयापनको रणनीति नामक अध्ययनमा भन्दछन् की कुमालहरु खासगरी माटोको भाडाकुडा बनाउने परम्परागत पेशालाई छोडदै बढी आम्दानी हुने पेशातर्फ विस्तारै अग्रसर हुँदैछन् । साथै आफूले बनाएको

भाँडालाई बजारमा लगेर बेच्न व्यापारिक दृष्टिकोणले आधुनिक किसिमका भाँडा निर्माण गर्दैछन् ।

## २.२. अन्य जातजातिको बारेमा गरिएको अध्ययन

विभिन्न जातजातिको एकै पटक अध्ययन गर्ने पहिलो नेपाली मानवशास्त्री डोर बहादुर विष्ट हुन् । विष्ट (२०३०) ले नै विभिन्न जातजाति, जनजाति एवं दलितहरूको साङ्गोपाङ्गो अध्ययन गरेका छन् । उक्त पुस्तकले नै नेपालका विभिन्न जातजातिको राम्रो परिचय दिन्छ जसमा नेपालका २३ जातिलाई समेटिएको छ । यस पुस्तकले न्यून रूपमा भएपनि केही मधेशी जातिलाई समेटेको छ । मधेसका बाहुन राजपुत र अरु जात शीर्षकमा मधेशका ब्राह्मणदेखि  अछूतसम्मको केही जातिको वारेमा संक्षिप्तमा उल्लेख गरेका छन् । पहाडीया जनजीवन भन्दा पृथक, वातावरणको कारणले भएको हो भन्ने उल्लेख गरेका छन् । जातीय र धार्मिक रुपले कट्टर हुने तराईका जातिहरूलाई नचिनेर ‘भारतीय’ र ‘मधिसे’ भन्ने गरेकोमा उनीहरूको चित्त दुखेको  पनि उल्लेख गरेका छन् ।

खत्री (२०५०) मा प्राचीनदेखि वर्तमान कालसम्मको नेपाली समाज र सँस्कृतिको झलक प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा ऋग्वेदकालमा वर्ण व्यवस्थाले प्रवेश पाए पनि त्यसबाट उचनीचको भावना वा छुवाछूतको भावना नरहेको उल्लेख गरिएको छ । तर ब्राह्मण साहित्यको युग पश्चात हिन्दु वर्ण बीच भिन्नता ल्याइयो । शूद्रलाई सबैभन्दा तल्लो वर्णमा राखेर लेखपढ गर्न र हिन्दु सँस्कारहरू गर्न प्रतिबन्ध लगाइयो भनिएको छ ।

पाण्डे, रेग्मी (२०५४) पौराणिक नेपाली इतिहासको साङ्गोपाङ्गो अध्ययन प्रस्तुत गरिएको पुस्तकमा विद्वान लेखक द्वयले वैदिक आर्यहरूको मूल थलो बारे पनि बृहत चर्चा गरेका छन् । केही विद्वानहरूले भारतको उत्तर प्रदेश र विहारलाई नै आर्यहरूको मूल थलो मानेता पनि आर्यहरू मूलतः मध्य एसीयाली मूलका नै मानिन्छन् भन्ने चर्चा यस पुस्तकमा गरिएको छ ।

शर्मा (२०३९) का अनुसार प्रस्तुत पुस्तकमा मानव विकासको  सन्दर्भमा नेपाली समाज, जातिवादका सन्दर्भमा नेपाली समाज,  प्रजातिवादका सन्दर्भमा नेपाली समाज, धर्म अविचार र विज्ञान, लोकआख्यान, थर, गोत्रको नालीवेली र राई, गुरुङ्ग,  किराती  थारु , धिमाल, आदि प्राचीन जनजातिका वारेमा समुच्च अध्ययन गरिएको उक्त पुस्तकमा वैदिक

युगदेखि आर्य हिन्दु समाज कसरी विकशित हुदै आयो र काल कममा वर्ण विभाजनका साथै ऋगवेदकाल पश्चात अश्पृश्यताको उदय भएको उल्लेख गरिएको छ ।

शर्मा (२०४३), का अनुसार नेपालमा वसोबास गर्ने, सम्पूर्ण मानिसहरूलाई हिन्दु वर्ण व्यवस्था अनुसार विभाजन गरिएकोमा पछि वि.सं. १९१० सालमा राजा सुरेन्द्र वीर विकम शाहले जारी गरेको मुलुकी ऐनले तागाधारी, मतवाली, पानी नचल्ने छोइछिटो हाल्न नपर्ने र पानी नचल्ले छोइछिटो हाल्न पर्ने गरी चार भागमा विभाजन गऱ्यो ।

तामाङ्ग (२०५७), का अनुसार जातपात नेपालको उब्जनी होइन बरु यहाँ इसाको दोस्रो शताब्दीसम्म जनजातिहरूमा जातपात र छुवाछूतको विउँ पनि थिएन । यो रोग समयसमयमा भारतबाट नेपाल आउने वर्णविदहरूको साथसाथै सालनाल झै वेरिएर आएको हो ।

एण्ड्रेस (१९७९ ई), को दी काष्ट हाइरारकी एण्ड स्टेट इन नेपालः ए स्टडी अफ मुलुकी ऐन अफ १८५४ ई पुस्तकक जङ्गबहादुर राणाद्वारा निर्मित वि.स. १९१० को पहिलो मुलुकी ऐनमा आधारित तत्कालीन नेपालको जातीय स्थितिको अध्ययनमा केन्द्रित पुस्तक हो । यसमा नेपाली र भारतीय समाजको तत्कालीन परम्परा एवं प्रचलनको पनि तुलनात्मक अध्ययन गरिएको छ । त्यसैगरी माथिल्लो छूत जाति अछूतसंग विटुलिएमा पतिया लिनुपर्ने र पतिया नलिउञ्जेलसम्म फरकै बस्नुपर्ने राणकालीन सामाजिक नियम तथा व्यवस्थाको चित्रण प्रस्तुत गरिएको छ ।

## २.३. अन्य दलित जातिका बारेमा गरिएको अध्ययन

हिन्दू समाजमा वर्णाश्रम धर्म अन्तर्गत चौथो वर्ण शूद्र जातिलाई परम्परादेखि नै अछुत भनिदै आए पनि वि.स. २०२४ सालदेखि दलित भन्न थालियो (पाण्डेय, २०६४) ।

दलित उत्थान र संरक्षण सम्बन्धी विधेयक २०५९ अनुसार “विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा दलित भन्नाले समाजमा छुवाछूतको भेदभावबाट पीडित भई आर्थिक रुपमा शोषित, राजनीतिक रुपमा उपेक्षित, शिक्षामा पछाडि परेको, धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भइरहेका जातिका व्यक्तिलाई सम्झिनु पर्छ” भनिएको छ ।

*लोकानां तु विद्दयर्थ मुखवाहुरुपादत : ।*

*ब्राह्मणं क्षत्रियं वैश्यं शुदं च निरवर्तयत् ॥ (मनु १/३१)*

अर्थात संसारको विकासको लागि मुख, वाहु, तिध्रा र खुट्टाबाट क्रमैसँग ब्राह्मण, क्षत्रिय वैश्य र शूद्रहरूलाई उत्पन्न गरियो भनिएको छ ।

*ध्वजाहतौ भक्तदासो सृहज: क्रीतदत्रिमौं ।*

*पैत्रिको दण्डदासश्च सप्तैते दासयोनय : ॥* (मुनु ८ / ४१३)

अर्थात युद्धमा जितेर ल्याइएका र भोजनका लालचले आफै आएका दासीका गर्भबाट जन्मिएका, किनेर ल्याइएका र कसैले दिएका, पुर्खौदेखि काम गर्दै आएका, दण्ड वा ऋण चुक्ता गर्नका लागि काम गर्न लागेका यी सात किसिमबाट शूद्र वा दास हुन्छन् ।

विष्ट (२०३०) का अनुसार सार्की जाति नेपालको पहाडी भेगमा बस्ने आदिवासी भए तापनि, यिनीहरू कहिलेदेखि बसोबास गर्न थालेका हुन्, त्यो किटान साथ भन्न नसकिने स्पष्ट गर्दै यिनीहरू तागाधारी जातिको छेउछाउमा बसोबास गर्दै आएका छन् भनिएको छ ।

गौतम, थापा मगर (१९९४) ले आफ्नो पुस्तक 'ट्राइवल इथ्नोग्राफी अफ नेपाल ' ( भोलुम २) मा विभिन्न २४ जाति जनजातिहरुको संस्कारहरुको व्याख्या गर्दै मुसहर सम्बन्धी केही जानकारी लेखेका छन् जसमा नेपालको मोरङ्ग, सुनसरी, उदयपुर, सिराहा, सर्लाही, धनुषा, सप्तरी, महोत्तरी र रौतहट मुसहरको मुख्य सांस्कृतिक थात्थलो भएको बताउदै पहिले घुमन्ते फिरन्ते जाति रहेकोमा पछि घरबार वनाउन थालका हुन र उनीहरु ७०० वर्ष अघि दक्षिणतिरबाट आएका हुन् पनि भनिएको छ ।

म्याकडोनाल्ड (१९७५) का अनुसार ठूला तागाधारी जातिले मात्र नभई मतवाली जातिहरुले समेत दलितहरुलाई तल्लो स्तरको व्यवहार गर्ने गरेको र अछूत जातिहरुलाई समाजका माथिल्लो जातिले मात्र नभई  राष्ट्रले पनि दोस्रो दर्जाको नागरिक रुपमा व्यवहार गरेको भान हुन्छ  किनभने राष्ट्रमा उपलब्ध भएको उच्च स्तरका पदहरुमा अछूत जातिले अवसर पाएको देखिदैन ।

पाण्डेयले “नेपालका दलितहरू (२०६४) मा पहाडीया दलितहरूमा कामी, दमाई, सार्की, बादी, गाइने, सुनार गरी जम्मा (६) वटा र तराईवासी दलितहरूमा, पासवान, लोहार, डोम चमार, हलखोर, वातर, धोबी, तत्मा, चिडिमार, खटिक, खत्वे, शरभङ्ग, मुसहर र जनजातीय दलितहरूमा, कुसले र पोडेको सामान्य परिचय, जनसंख्या, पहिरन, शैक्षिक अवस्था, मुख्य पेशा, चाडपर्व, खानपान, मुख्य संस्कार, विवाह आदिका बारेमा छोटो र मीठो व्याख्या गरेका छन् ।  हरिवंश झा ले आफ्नो पुस्तक “तराई दलित” मा विभिन्न थरीका

मधेशी दलितको साथै मधेशमा बसाइँ सरी आएका पहाडीया दलितको सामान्य परिचय, सँस्कार, सँस्कृति आहार-विहारको छोटो छरितो वर्णन गरेका छन् । उनले यो किताब घटना-अध्ययन विधि अपनाएर तैयार गरेका छन् ।

## २.४. डोम जातिको बारेमा गरिएका अध्ययन अनुसन्धान

यस जाति सम्बन्धि कतिपय क्षेत्रमा अध्ययन भएको भएता पनि डोम जातिको संस्कृति झल्काउने साहित्यको अभाव देखिन्छ । मेची देखि महाकाली (भाग ४१९७४) मा डोमहरू धेरै पहिले दक्षिण भारतबाट मैथिल ब्राह्मण र राजपुतहरूसँग आएर सप्तरीमा बसोबास गर्न थालेको कुरो उल्लेख छ ।

मजुमदार (१९४४), का अनुसार डोम जाति जुठोपुरो खाने, फोहोर उठाउने, शव दहन गर्ने ठाउँमा आगो वेच्ने जातिका रुपमा परिचित छ भन्ने उल्लेख गरेका छन् ।

डोमहरु ग्रामीण भेगतिर अधापि भोजभतेरमा फ्याकिएको जुठो खान्छन् । यसमा तत् जातिमा एउटा लोककथाको व्याख्या गरेको कुराको सन् १९९४ मा लिखित 'ट्राइवल इथ्नोाग्राफी अफ नेपाल' भोलुम १ मा व्याख्या यसरी गरीएको छः- शिव र पार्वतीले परापूर्व कालमा सवै जातजातिका प्रतिनिधिलाई भोजमा डाकेका रहेछन् , जसमा डोम जातिका पुर्खा सतपुतः भगत, ढिलो गरी पुगेछन् । निकै भोकाएर पुगेका उनले सबैले खाएर रहेको जुठोपूरो खाएछन् । त्यसबेलादेखि डोमहरुले 'जुठोपुरो' खाने चलन रीतिस्थिति बसेको हो भनी उल्लेख गरिएको छ । त्यसैगरी सोही पुस्तकमा तराईबासी डोमहरु भारतीय महाद्वीपमा द्रविड जाति भन्दा पुरानो भनी इङ्गित गरिएको छ । उनीहरुको थरमा चिरनिया, लेदवार, विरजिया, भकरहित, पोखरिया, जोन्जा, लुक्कधेर आदि हुन्छ भनेर उल्लेख गरिएको छ ।

पाण्डेय (२०६४) ले डोम जातिको अध्ययन गरी यो अत्यन्तै पिछडिएको तराईबासी भएको बताएका छन् । खासगरी यिनीहरूको बसाइ सप्तरी, सर्लाही, धनुषा, महोत्तरी, रुपन्देही जिल्लामा भएको र ठाउँ अनुसार यिनीहरू भोजपुरी, हिन्दी आदी भाषा बोल्दछन् ।रक्सी अत्यधिक सेवन गर्ने, अन्ध विश्वास व्याप्त रहेको, बाल विवाहले ग्रस्त भएको, मुख्य पेशा नाङ्गलो, डालो, ढकिया, भकारी, हाते पङ्खा, पिँजडा आदि बनाउने र सुङगुर, कुखुरा, बाखा आदि पालन गर्ने, निजी, सार्वजनिक, सरकारी शौचालय सफा गर्ने जातिको रुपमा यिनीहरुलाई परिचित गराएका छन् ।

झा (१९९८) आफ्नो पुस्तक 'तराई दलित' मा हिन्दू जातको स्तरीकरणमा सबैभन्दा तल्लो जातमा पर्ने, पहिले भोज भतेरमा जुठो खाने, लावारिस लाशलाई ठेगान लगाउने, समाजमा सरसफाइ गर्ने, बाँसबाट विभिन्न सामग्री बनाउने र विशेषगरी सुङ्गुर पालन गर्ने गरेको एउटा पिछडिएको जातिको रुपमा इङ्गित गरेका छन् । त्यसैगरी ग्रहण (सूर्य, चन्द्र) सकिएपछि डोमलाई ग्रहण दान दिने गरिएको रोचक कुरा लेखिएको छ । डोमलाई यसरी दान दिँदा विभिन्न ग्रहबाट मुक्त हुने कुरो लेखिएको छ ।

यिनीहरूको थर बारे मतभिन्नता रहेको पाइन्छ । मधुसूदन पाण्डेयले 'नेपालका दलितहरू' मा सदा, मघैया सदा र गुरुसदा गरी तीनवटा थर उल्लेख गरिएको छ भने दिगम्बर ठाकुरले आफ्नो शोधपत्र 'रौतहट जिल्लाको डुम जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको एक अध्ययन' मा एक मात्र थर 'मल्लिक' लेखिएको छ । त्यसैगरी २०६३।१२।१३ गतेको राष्ट्रिय दैनिक कान्तिपुरमा 'सामान बेच्न गाउँ किन्नुपर्ने' शीर्षकमा मल्लिक लेखिएको छ ।

जे होस् 'डोम' मधेशको एक दलित जाति हो जसको अध्ययन अनुसन्धान दुई तीनवटा, त्यही पनि सानो एकाईमा भन्दा हुन सकेको छैन । बिगतमा भएका अनुसन्धान अन्यत्रका डोम जातिका अन्य पक्षहरुमा केन्द्रित रहेको छ । यस अध्ययनमा  वी.उ.म.न.पा. वडा नं. १ र ९ मा बसोबास गर्दै आएका डोम जातिको जीविकोपार्जनको परम्परागत स्वरुप एवं शैलीको समीक्षा गर्दै बदलिएको परिवेशमा उनीहरुको जीविकोपार्जनमा देखा परेका नयाँ स्वरुप तथा पक्षनै अन्य अध्ययन भन्दा पृथक रहेको छ ।

# अध्याय- तीन

# अनुसन्धान विधि

यस अध्यायमा अनुसन्धान गर्दा अपनाइएका बिभिन्न विधि, तरिका आदिको बारेमा चर्चा गरिएकोछ । यस अध्यायले अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, नमुना छनौट, तथ्याङ्क संकलन विधि र अध्ययनको सीमालाई समेटकोछ ।

## ३.१ अनुसन्धान क्षेत्रको छनौट

यो शोध अनुसन्धानका निमित्त पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ र ९ मा रहेको सम्पूर्ण डोम जातिको ४७ घरधुरी सङ्ख्यालाई लिइएको छ । यसका केही कारणहरू छन् :

(क) डोम जातिको जीविकोपार्जन, परम्परागत मान्यता र पेशागत स्थितिमा देखापरेका परिवर्तनका वारेमा जानकारी लिनु ।

(ख) डोम जातिको जीविकोपार्जनको विषयमा अध्ययन अनुसन्धान कम हुनु ।

(ग) डोम जातिको अन्य जातिको भन्दा फरक खालको जीविकोपार्जन शैली र मूल्यमान्यता हुनु ।

(घ) तराई क्षेत्रमा मात्र डोम जातिको वसोवास हुनु ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा विवरणात्मक तथा विश्लेषणात्मक दुबै प्रकारको अनुसन्धानात्मक ढाँचा प्रयोग गरिएकोछ । यस अनुसन्धानमा डोम समुदायको जीविकोपार्जन, परम्परागत मान्यता र पेशागत परिस्थिति जस्ता पक्षको विवरणात्मक विश्लेषण गरिएकोछ । साथै सङ्ख्यात्मक र गुणात्मक पद्धति पनि अपनाइएकोछ ।

## ३.३ नमुना छनौट

वी.उ.म.न.पा. वडा नं. १ र ९ मा रहेका डोम जातिका ४७ घरधुरीका घरमुलीलाई जनगणना विधि अनुसार अध्ययन अनुसन्धानको लागि समेटिएकोछ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

प्राथमिक तहमा प्रश्नावली, घरधुरी सर्वेक्षण, अन्तरवार्ता, अवलोकन र जानकार व्यक्तिको प्रयोग गरिएकोछ, भने अर्कोतर्फ द्वितीय स्रोतमा वी.उ.म.न.पा. को कार्यालय, जिल्ला तथ्याङ्क कार्यालय जिल्लास्थित अन्य कार्यालय सङ्घसंस्था तथा डोम जाति सम्बन्धी प्रकाशन भएका तथा नभएका किताव पत्रपत्रिका लगायतका सामाग्रीलाई लिइएकोछ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलन गर्नका लागि प्रचलनमा रहेका समाजशास्त्रीय तथा मानवशास्त्रीय प्रचलित विधिहरू नै अपनाइएकोछ । गुणात्मक तथा सङ्ख्यात्मक दुवै प्रकृतिका तथ्याङ्कहरू सङ्कलन गरिएका छन् जसले अनुसन्धानमा पूर्णता र सान्दर्भिकता ल्याएकोछ । प्राथमिक तथ्याङ्कहरू घरधुरी सर्वेक्षण, अन्तरवार्ता, अवलोकन, संरचित तथा असंरचित प्रश्नावलीद्वारा सङ्कलन गरिएकोछ ।

द्वितीय तथ्याङ्कहरू वी.उ.म.न.पा. जिल्ला तथ्याङ्क कार्यालय आदि तथा अन्य पुस्तक, पत्रपत्रिकामा प्रकाशित विविध सामग्रीहरूको प्रयोग गरिएकोछ ।

**प्राथमिक स्रोतहरू**

### ३.५.१ प्रश्नावली

यस जातिको जीविकोपार्जन, परम्परागत मान्यता र पेशागत परिस्थिति अध्ययन गर्न सघाउ पुग्ने खालका प्रश्नहरू निर्माण गरी उक्त प्रश्नावली डोम समुदायका, वयोवृद्ध स्थानीय बुद्धिजीवीहरूसँग सोधिएकोछ ।

### ३.५.२ घरधुरी सर्वेक्षण

घरधुरी सर्वेक्षण जनगणनामा परेका ४७ घरपरिवारमा गरिएकोछ । जसअनुसार सूचना संकलन गर्ने क्रममा डोम जातिको पारिवारिक जानकारी, उमेर, शैक्षिक अवस्था, पेशा आयआर्जन आदिका वारेमा सूचना प्राप्त गर्न घरधुरी सर्वेक्षण फारमको प्रयोग गरिएकोछ ।

### ३.५.३. अन्तरवार्ता

अनुसन्धानका लागि आवश्यक पर्ने सामग्रीहरूको जानकारी प्राप्त गर्नका लागि अन्तरवार्ता विधि पनि अपनाइएकोछ । अन्तरवार्तामा सबै वर्ग, उमेर तहका व्यक्तिहरूलाई समेटिने प्रयास रहेको छ । अन्तरवार्तामा संरचित र असंरचित दुबै प्रश्नहरू सोधिएकोछ । अन्तरवार्ताका क्रममा उनीहरुमध्ये धैरैलाई आफू र आफ्ना सन्तान  जन्मिएको साल एकिन साथ थाहा नभएको र त्यसबारे सोध्दा फलाना मरेको साल, चिलानाको विवाह भएको साल जस्ता धटना घटेको साल भनी बताए जुन कुरा नौलौ थियो ।

### ३.५.४. सहभागीतामूलक अवलोकन

डोम जातिको जीविकोपार्जन, परम्परागत मान्यता र पेशागत परिस्थिति जानकारी प्राप्त गर्नका लागि स्थलगत अवलोकन विधि अपनाइएकोछ । यसरी अवलोकन गर्दा डोमहरूको बसोबासको अवस्था, पेशागत स्थिति, पशुपालन, पहिरन, रीतिरिवाज सरसफाइ जस्ता कुरामा जोड दिइएकोछ । यसरी अवलोकन गर्दा डोम जाति जो दुनियाको घर आगन, बाटोघाटो लगायतका कुराको सरसफाइ गर्दै हिड्छ ऊ आफू स्वयम्को चाहि सरसफाइमा ध्यान नपुगेको देखियो ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

अनुसन्धानको क्रममा प्रथमत : विषयवस्तुसँग सम्बन्धित आवश्यक कच्चा तथ्याङ्क सङ्कलन गरिएकोछ, त्यसपछि ती तथ्याङ्कहरुलाई आवश्यकता अनुसार वर्गीकरण, तालिकीकरण एवं विश्लेषण गरेर प्रस्तुत गरिएकोछ । सङ्ख्यात्मक तथ्याङ्कलाई सामान्य प्रतिशतमा प्रस्तुत गरिएकोछ भने अर्कोतर्फ गुणात्मक र विवरणात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार विश्लेषण गरिएकोछ ।

## ३.७ अध्ययनको सीमा

सबै अध्ययन - अनसन्धानका आफ्नै सीमा हुन्छन् । एउटै अध्ययन अनुशन्धानबाट सवै क्षेत्रको सर्वदा प्रतिनिधित्व गर्न सकिदैन । साथसाथै यो अध्ययन एउटा विद्यार्थीले आफ्नो स्नातोकोत्तर उपाधि प्राप्त गर्नका लागि गरिएकोले त्यसको आफ्नै सीमितता छ । यस अध्ययनमा पनि नेपालमा छरिएर रहेका सबै डोमहरुको जीविकोपार्जन, परम्परागत मान्यता र पेशागत स्थितिको प्रतिबिम्ब उतार्न नसकेता पनि डोम जातिको बाक्लो उपस्थिति रहेको

वीरगञ्ज उपमहानगरपालीकाको वडा नं. १ र ९ मा बसोबास गर्ने डोम जातिको जीविकोपार्जन, परम्परागत मान्यता र पेशागत परिस्थितिलाई चित्रण गरेकोछ ।

# अध्याय-चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ वीरगंज शहरको परिचय

मध्यमाञ्चल विकास क्षेत्र, नारायणी अञ्चल र पर्सा जिल्लाको सदरमुकाम वीरगंज शहरको स्थापना तत्कालीन श्री ३ महाराजा वीर शम्शेर जवराले वि.सं. १९४५-५० को बीचमा बसालेको पाइन्छ । शुरुका दिनहरूमा गहवा, माइस्थान, कुम्हालटोल, विर्ता, रेशमकोठी, महावीरस्थान, श्रीपुर, तेजारथ टोल, छपकैया वीरगंजका प्रमुख टोलहरू हुन । त्यसमध्ये छपकैया नै सबैभन्दा पुरानो टोल हो र स्मरणीय कुरो के छ भने यो अध्ययनको अध्ययन क्षेत्रको टोल मध्ये यो पनि एक हो । वि.सं. २०४० सालमा वीरगंजका विभिन्न टोलहरू जस्तैः विर्ता, महावीरस्थान, कुम्हालटोल, अलखियमठ, रेशमकोठी, गहवा माईस्थान आदि टोलहरू गाभी ६ वटा वडामा विभाजन गरी २०१० साल जेठ महिनामा बीरगंजलाई नगरपालीका घोषणा गरियो र हाल वि.सं. २०५२ सालमा उपमहानगरपालिका घोषणा भए पश्चात यसका १९ वटा वडाहरू छन् । वीरगंज नगरपालिकाका प्रथम नगर प्रमुख ( चेयरम्यान) विर्ता निवासी केशरमान मानन्धर भएका थिए ।

राजनितिक तथा भौगोलिक सीमाङ्कनका आधारमा पूर्व तथा उत्तरमा वारा जिल्ला पश्चिममा पर्सा जिल्लाकै रामगढवा पर्सौनाविर्ता तथा श्रीसिया खल्वाटोला पर्दछन् भने दक्षिणमा भारतको विहार राज्य पर्दछ । २६ डिग्री उत्तरदेखि ८१ डिग्री पूर्वी देशान्तरसम्म फैलिएको वीरगञ्ज नगर समुन्द्र सतहबाट १२२ मिटरदेखि ९२५ मिटरसम्मको उचाइमा रहेको छ यसलाई पूर्व-पश्चिम महेन्द्र राजमार्गको पथलैया खण्डले २६ किलोमिटरको कालोपत्रेले जोडेको छ ।

घना बसोबासले भरिपूर्ण वीरगञ्जमा कृषि तथा वन एकदमै न्यून छ । खेति गरिने भू-भागमा मुख्य रुपमा यहाँको अन्नवाली धान र गहुँ नै हो ।

वीरगंजको हावापानी उष्ण एवं अर्धउष्ण मनसुनी प्रकारको छ । बर्षभरी वीरगञ्जमा करिव १७६२ मि.लि. सम्म बर्षा हुन्छ गर्मीमा लगभग अधिकतम ३६ डिग्री से. तापक्रम रहन्छ भने न्यूनतम १८ डि.से. सम्म रहन्छ । जाडोभन्दा गर्मी बढी हुने यस क्षेत्रमा ८ महिना गर्मी र ४ महिना जाडो हुन्छ ।

राजनीतिक हिसावले ४ वटा (हाल ५ वटा गरिएको) क्षेत्रमा विभाजित पर्सा जिल्लाको वीरगंज नगर क्षेत्र क्षेत्र नं. १ मा पर्दछ ।

आर्थिक रुपले सवल वीरगंज शहर नेपालको 'प्रवेशद्वार' बाट सुविख्यात छ । मुलुकको कूल भन्सार राजश्वको चालिस प्रतिशतभन्दा बढी वीरगञ्ज भन्सारको योगदान रहेको छ । औद्योगक उत्पादन तथा रोजगारीको दृष्टिले समेत अग्रणी स्थान ओगटेको वीरगंज शहर सुख्खावन्दरगाह एवं भारतीय महावाणिज्यदुतावासको स्थापनाले गर्दा यसको महत्व झन् विलक्षण भएको छ ।

भाषिक हिसावले यस ठाउँमा भोजपुरी भाषी बढी छन् भने जातिका हिसावले मुसलमानको सङ्ख्या बढी छ । कुल २३ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको वीरगंजको कूल जनसंख्या २०५८ को राष्ट्रिय जनगणना अनुसार १,१२,४८४ जनसङ्ख्या रहेकोमा पुरुषको जम्मा ६०,९५६ र महिलाको ५१,५२८ रहेको छ । यस हिसावले महिलाको जनसंख्या भन्दा पुरुषको जनसंख्या बढी देखिन्छ (बीरगंज उपमहानगरपालिकाको नगर प्रोफाइल, २०६१)

## ४.२ जातिगत आधारमा वी.उ.म.न.पा. को जनसंख्या

कुनै पनि समाजको संरचना त्यहाँ रहेका जनसंख्या र जनसंख्याको संरचनात्मक स्वरुप, उमेर, लिङ्ग, पारिवारिक बनोट आदिमा भर पर्दछ । त्यही जनसंख्याको संरचनात्मक स्वरूप अनुसार त्यहाँको आर्थिक, राजनितिक सामाजिक-साँस्कृतिक पक्षहरु प्रभावित हुन्छन् । वीरगंज उपमहानगरपालिकाको जनसंख्या अर्न्तगत विभिन्न जातजातिको उपस्थित जनसंख्यालाई यसरी तालिकाबाट देखाउन सकिन्छ :-

## तालिका नं. १

## वीरगंज उपमहानगरपालिकाभरि विभिन्न जातजातिको उपस्थितिको वर्गिकरण

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हजाम/ ठाकुर | लोहार | कुम्हार | कायस्थ | बरई | धिमाल | इकखा | माली | आदीवासी/ जनजाती | धुनिया | थारु | यादव | ठकुरी |
| १०८५ | ९०८ | ४७७ | ३६६१ | ३६ | १२ | २ | १७५ | २ | ७ | २०३७ | ३०५२ | ६४१ |
| कुर्मी | शेर्पा | घर्ती/भु जेल | कानु | तत्मा | दनुवार | बधाई | कहर | भोटे | दराई | बंगाली | चुरौटे | जैन |
| ६५९२ | २४ | ३५ | ८२२६ | ६६१ | ३६ | १५२३ | २६६ | २२१ | ३ | २५६ | २ | ४१ |
| क्षेत्री | नेवार | गुरुङ | तेली | धानुक | केवट | कलवार | सुनुवार | माझी | हलुवाई | सन्तार | रजभार | गडेरी |
| ४३५५ | ६२५६ | ३४६ | २७५८ | १४८० | १८६ | ५०८५ | ८६ | ७० | २२८ | १४ | ४४ | ४४ |
| चिडीमार | कमार | पन्जावी | अन्य जातजाती | पहाडी बाहुन | मुस्लिम | धामी/ ढोली | चमार/ राम | मुसहर | तराई बाहुन | कुमाल | सुढी | नुनिया |
| १७० | ४६ | ७६ | ३०१७ | ८२१६ | १९६०२ | ९४ | ९२१ | १८ | ३०४८ | ६८३ | ७१४ | १३८२ |
| राजपुत | झागर/ ढागर | थामी | नुराङ | पहारी | बरामु | राजी | मगर | कामी | लिम्बु | कोइरी | दुसाध/ पासवान | बनिया |
| १५९३ | १५४ | १ | ९७ | २ | १ | १ | ६९३ | १३७ | ९३ | १९५५ | ७७८ | ३६९८ |
| तामाङ | राई | सार्की | सन्यासी | सोनार | मलाह | राजवंशी | धोवी | चेपाङ | मारवाडी | गंगाई | बिन्दा | थकाली |
| ८२४ | २५३ | २२२ | ७८६ | ४६४७ | ५६८ | ७ | ४२७ | १ | ४९९१ | ७ | १६९ | ५ |
| डोम | हलखोर | अन्यदलित | | | | | | | | | | |
| ४१० | ८३६ | २१० | | | | | | | | | | |

(स्रोतः वीरगंज उपमहानगरपालिकाको नगर प्रोफाइल, २०६१)

उपर्युक्त तालिका अनुसार वीरगञ्ज नगर क्षेत्रमा जातिगत हिसावले सवैभन्दा वढी मुसलमानहरुको  जनसङ्ख्या रहेको छ । जुन कूल जनसङ्ख्याको १७.४२% हुन आउछ भने तेस्रो स्थान पहाडिया वाहुनको छ । जुन कूल जनसङ्ख्याको ७.३% हुन आउछ । डोमको कुल जनसंख्या ४१० रहेको देखिन्छ । चेपाङ, बराम्, राजीको १/१ जना देखाइएको छ । यस प्रकार वीरगञ्ज नगरमा विभिन्न जातजाति उपस्थिति रहेको छ ।

## ४.३ सामाजिक र साँस्कृतिक अवस्था

यो जातिलाई सामाजिक रुपमा हालसम्म पनि चरम भेदभाव र छुवाछूत गरिन्छ । तथापि डोमहरुको आफ्नै विशेष र फरक किसिमको सामाजिक-साँस्कृतिक पहिचान रहेको छ । जसअनुसार उनीहरुको दैनिक जीवन, खानपान ल्वइ–ख्वाइ, भेषभुषा, सामाजिक-साँस्कृतिक मूल्य मान्यताको छुट्टै विशेषता छ । आफ्नै छुट्टै सामाजिक-साँस्कृतिक महत्व बोकेका यी डोमहरुमा हालको अवस्थासम्म आइपुग्दा धेरै मूल र आंशिक परिवर्तनहरु भएका छन् । भाषा, मूल्यमानयता र खानपानमा आंशिक परिवर्तन भएका छन् भने भेषभुषा र आर्थिक अवस्थामा ठूलै फड्को मारेको देखिन्छ । डोमहरुको केही परम्परागत मूल्य मान्यताले हालसम्म पनि जरो गाडेर बसेको देखिन्छ भने केही संस्कार, परम्परा तथा प्रथाहरु उन्मूलन हुने अवस्थामा छन् ।

## ४.४ भाषा

डोम समुदायको छुट्टै भाषा थियो वा थिएन त्यो खोजको विषय हुन सक्ला तथापि वीरगंजका सबै डोमहरू भोजपुरी बोल्छन् तर जनकपुरका डोमहरू मैथली बोल्दछन् । डोमहरू जहाँ बसोवास गर्छन् त्यहीको भाषा बोल्छन् । वीरगंज उपमहानगरपालिका भित्रै विभिन्न भाषा बोलिए तापनि २३ प्रमुख भाषा बोलिने तथ्याङ्क वी.उ.म.न.पा. को नगर प्रोफाइ २०६१ मा उल्लेखित छ जसलाई यसरी देखाउन सकिन्छ :-

## तालिका नं २

## वीरगंज उपमहानगरपालिकाको भाषिक आधारमा जनसंख्याको वर्गीकरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मारबाडी | बंगाली | सिन्धी | मघाई | किशान | भोजपुरी | नेवार | तामाङ | बँन्तवा | धिमाल |
| ४०१३ | ३४१ | ५४ | १६ | ११ | ७२०११ | ३६६४ | २८५ | ४४ | १४ |
| सुनुवार | नेपाली | उर्दु | थारु | अवधी | शेर्पा | मैथली | पञ्जावी | मगर | राजवंशी |
| १७ | १९६०१ | १९५३ | २८० | १९ | १३ | ४७८६ | ४९३ | ८५ | १८ |
| लिम्बू | हिन्दी | गुरुङ | अन्य | | | | | | |
| ११ | ४२१९ | ५८ | ४७८ | | | | | | |

(स्रोतः वीरगंज उप. महानगरपालिकाको नगर प्रोफाइल, २०६१)

उपर्युक्त तालिकाअनुसार वी.उ.म. न.पामा भाषिक हिसावले भोजपुरी भाषी सवैभन्दा वढी कूल संख्याको ६४.०% रहेका छन् भने तत्पश्चात नेपाली भाषीहरु पर्दछन् जुन कूलसंख्याको १७.४२% हनु आउँछ भने सवैभन्दा कम भाषिक हिसावले जनसंख्या लिम्वू र किसानको छ  जुन कुल जनसंख्याको ०.००९% हुन आउँछ ।

### ४.५ धर्म

डोम समुदायका निमित्त धर्म साच्चिकै मार्क्सले भने झै 'अफिम' सिद्ध भएको छ । किनभने धर्मले नै उनीहरूलाई वर्णहरू अर्न्तगतको जातमा सबैभन्दा तल्लो स्तरमा राखेको छ । यही धर्म अर्न्तगतको जातीय व्यवस्था नै डोमहरूको लागि हरेक पछौटेपनको कारण हो । डोमहरू सबै हिन्दूहरू हुन् । उनीहरूलाई हिन्दू वर्णाश्रम धर्म अर्न्तगतको शुद्र वर्ण अन्तर्गत पनि सबैभन्दा तल्लो जात मानिएको छ । हिन्दू भएकोले उनीहरूले हिन्दूले मान्ने जति सबै देवी देवतालाई पूजा गर्छन र आस्था राख्छन् ।

तथापि छुवाछूतको भावनाले सार्वजनिक मन्दिरहरूमा डोमहरू जाँदैनन तर मधेसको चलनानुसार कोही मान्छे मरेपछि त्यसलाई दिइने दागवत्तीको आगो डोमको हातबाट लिनै

पर्ने नियम छ जसबाट सो व्यक्ति स्वर्ग जाने विश्वास छ । अझै ठूलो जातको व्यक्ति मर्दा मधेसतिर डोमलाई खोजी आगो किनिन्छ । त्यसैप्रकारले डोमहरूलाई चन्द्र ग्रहण वा सूर्य ग्रहण लागेको बेला ग्रहणदान दिइन्छ । त्यसो गर्दा ग्रहदशाहरू जान्छ भन्ने विश्वास छ ।

यसप्रकार मधेसको समाजमा धार्मिक हिसावले डोमहरूको विरोधाभासपूर्ण द्वैध भूमिका छ । एकातिर डोमको आगमन केही कुरामा वन्देज छ भने कुनै ठाउँमा डोमको अनिवार्यता देखाएको छ ।

## ४.६ खानपान र रहनसहन

यो समुदायको मुख्य परिकार नभई नहुने भनेको रक्सी र सुँगुरको मासु हो । यो समुदायका पुरुषहरू प्रायः सबै सधैं साँझ परेपछि मदिरापान गर्छन अनि महिलाहरूलाई पनि मदिरापान गर्न छुट छ । यो समुदायले पनि मधेसमा अन्य समुदाय झैं दाल, भात, रोटी, तरकारी, माछा, मासु, तरुवा-वगरुवा खाने गर्दछन् । वी.उ.न.पा. का डोम समुदायका व्यक्तिहरू प्रायः विहान काम गर्न निस्कन्छन् र दिउँसो ११ बजेतिर आएर खाना खान्छन् । एक दुई घण्टा बसी फेरी सरसफाई सम्बन्धी कामका लागि निस्कन्छन् । नगर र घर सफा गर्ने डोम समुदायको घरबस्ती चाँहि दुर्गन्दित र फोहर पाइयो । यिनीहरूले कमाएको पैसा खाएरै सक्छन् । यिनीहरूमा आफूसंग “बासी पैसा” राख्नु हुँदैन भन्ने जनश्रुती रहेछ । तर यस प्रकारको रहनसहनमा र खानपानमा पनि क्रमशः परिवर्तन हुन थालेको देखियो ।

## ४.७ उमेर र लिङ्गका आधारमा वीरगंज उ.म.न.पा १ र ९ का डोमहरूको जनसंख्या

अध्ययन क्षेत्रका डोमहरूको जम्मा जनसंख्या ३३७ रहेको थियो । त्यसमा महिलाको संख्या १७१ र पुरुषको संख्या १६६ रहेको थियो । त्यसलाई उमेर र लिङ्गका आधारमा तालिका न. ३ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३

### उमेर र लिङ्गका आधारमा वीरगंज उ.म.न.पा १ र ९ का डोमहरूको जनसंख्या

| उमेर समूह | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ०-५ | २२ | १२.८७ | १९ | ११.४५ | ४१ |
| ६–१५ | २९ | १६.९६ | ३१ | १८.६७ | ६० |
| १६-५९ | १०८ | ६३.१६ | १०७ | ६४.४६ | २१५ |
| ६०–माथि | १२ | ७.०१ | ९ | ५.४२ | २१ |
| जम्मा | १७१ | १०० | १६६ | १०० | ३३७ |

(स्रोतः स्थलगत अध्ययन २०६९)

माथिको तालिका अनुसार विद्यालय जान उमेर नपुगेका वालवालिकाहरु लाई ०-५ उमेर समूहमा राखिएको छ । जसमा महिला १२.८७% रहेको पाइयो भने पुरुष ११.४५% पाइयो । ६-१५ उमेर समूह लाई स्कूल जानेहरु मा महिला १६.९६% पाइयो भने पुरुष १८.६७% पाइयो । १६-५९ उमेर समूह लाई दक्ष जनशक्ति मानिन्छ । जसमा महिला ६३.१६% पाइयो भने पुरुष ६४.४६% पाइयो । ६० माथि उमेर समूह जुन वृद्धअवस्था को महिला ७.०१% प्रतिशत पाइयो भने पुरुष ५.४२% पाइयो ।

## ४.८ पारिवारिक संरचना र सम्बन्ध

सिंगो नेपाली समाजमा जस्तै डोम समुदायमा पनि पितृसत्ताकै बर्चस्व छ । पारिवारिक, सामाजिक र प्रशासनिक सबै रीतिथिति एवं कार्यवाही झैं झमेलाहरूमा घरको जेष्ठ पुरुष नै निर्णयकर्ता रहन्छ । बावु र आमा पछिको स्थान जेठो छोरादेखि जति भाई छोरा छन् क्रमशः तिनै छोरा बुहारीहरूको रहन्छ । मधेशमा ससुरा र जेठाजुलाई छोरा बुहारीहरूले र भाइवुहारीहरूले अनुहार देखाउन मनाही भएकोले डोम समुदायमा पनि त्यो बन्देज छ । त्यसै गरी पहाडमा छोरी ज्वाइँलाई खुट्टामा ढोग्ने परम्पराको ठीक उल्टो छोरी ज्वाइँले सासु-ससुरा लगायत जेठो मान्छेलाई गोडामा हातले छोएर ढोग गर्छन् । यो चलन

अन्य जातिको भन्दा पृथक रहेको छ । समग्रमा भन्ने हो भने ठूलाप्रति आदर-सम्मान र सानालाई माया गर्ने डोम समुदायको पारिवारिक सम्बन्धको मुलाधार देखापर्दछ ।

डोमसमुदायमा परिवारका सदस्यहरू बीच सामान्यतया श्रमविभाजन भएको पाइन्छ । जस्तोः- महिलाले घरको कामधन्दा र पुरुषले विभिन्न कार्यालयमा सरसफाइ सम्बन्धी काम गर्दछन् । महिलाहरूले पनि विभिन्न कार्यालयमा सरसफाइ सम्बन्धी काम पनि गर्छन र घरको काम पनि, यसप्रकार दोहोरो काम गरी डोम समुदायका महिलाहरूले आफ्नो जाँगर देखाएका छन् । महिलावादीहरूको आँखामा यो दोहोरो शोषण हुन सक्ला ?

डोम जातिको पारिवारिक बनावट हेर्दा यिनीहरू शहरी क्षेत्रमा बसेर पनि व्यक्तिवादी चरित्र र एकात्मक परिवार बसाउने बढ्दो प्रचलनबाट केही पछि छन् ।

अध्ययनको क्रममा तीन पुस्ता अर्थात बाजे-वज्यै, छोरा वुहारी र नाति-नातिनी वा नातिनी वुहारीहरू एकै परिवारमा रहनेलाई संयुक्त परिवार तथा बाबु-आमा र छोरा-बुहारी वा छोरीमात्रै एकै घरमा रहने परिवारलाई एकात्मक परिवार मानेका छौं । साथै बाबु-आमा र छोराछोरी मात्र रहेकालाई पनि एकात्मक परिवार मै गणना गरिएको छ ।

**तालिका नं.४**

**डोम जातिको पारिवारिक बनावट**

| **परिवारहरू** | **परिवार संख्या** | **प्रतिशत** |
|---|---|---|
| संयुक्त परिवार | २९ | ६१.७० |
| एकात्मक परिवार | १८ | ३८.३० |
| जम्मा | ४७ | १०० |

(स्रोतः स्थलगत अध्ययन २०६९)

उपर्युक्त तथ्याङ्क आसार २९ अर्थात ६१.७०% परिवार संयुक्त परिवार देखिए भने ३८.३०% परिवार एकात्मक देखिए ।

यसरी डोम समुदायमा संयुक्त परिवार देखिएको कारण कामको बोझ धेरै हुनु नै देखिन्छ र कामको बाँडफाँडका लागि नै सरल होस् भनेर संयुक्त परिवारमा वस्ने गरेको निर्क्यौल निकाल्न सकिन्छ ।

## ४.९ वैवाहिक प्रचलन

डोम समुदायमा वाल विवाहको प्रचलन यथावत छ । डोम समुदायमा वैवाहिक अभ्यासबारे क्षेत्रगत अनुसन्धानको दौरानमा एकल विवाही समाज भएको कुरो प्रवल देखियो । वाल्यकालमै विवाह छिनोफानो भएर वा आर्थिक वा अन्य कुनै कारणले सो समाजमा एक पनि वहुविवाहको अभ्यास देखिएन । ४७ घरपरिवारको घरमुली श्रीमान् श्रीमतीको विवाहको उमेरको तथ्याङ्क निकाल्न गरिएको अनुसन्धानमा ४७ महिलासित गरिएको अनुसन्धानलाई तालिकामा यसरी देखाउन सकिन्छ :-

**तालिका नं.५**

**डोम महिलाको बैवाहिक उमेरको वर्गिकरण**

| उमेर समुह | महिलाको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १-५ वर्ष | १९ | ४०.४२ |
| ५-१० वर्ष | १३ | २७.६६ |
| १० -१५ वर्ष | ९ | १९.१५ |
| १५ -२० वर्ष | ६ | १२.७७ |
| जम्मा | ४७ | १०० |

(स्रोत: स्थलगत अध्ययन २०६९)

उपर्युक्त तालिकामा महिलातिर १ देखि ५ बर्ष सम्मको उमेरमा विवाह भएका ४०.४२ %, ५-१० बर्ष भित्र विवाह भएका २७.६६%, १०-१५ बर्ष उमेरमा विवाह भएका १९.१५% र १५-२० बर्षको उमेरमा विवाह भएका १२.७७% भेटिए । यस तथ्याङ्क अनुसार

डोम समुदायमा सानै उमेरमा विवाह हुने जनसंख्या ज्यादा छ तथापि विस्तारै यो परिवर्तन हुन थालेको देखिन्छ । यसरी यो चलन हट्नुका पछाडि थौरै भएपनि शिक्षाको भूमिका रहेको छ ।

## ४.१० चाडपर्वहरू

सामाजिक जीवनलाई उर्जा दिन चाडपर्वहरूले प्रकार्यात्मक प्रकार्य गरिराखेका हुन्छन् र त प्रत्येक समुदाय भित्र आ-आफ्नै चाडपर्वहरू आफ्नैपनले मनाइन्छन् र कतिपय चाडपर्वहरू साझा हुन्छन् अर्थात सबैले मनाउने किसिमको हुन्छन् ।

समग्रमा भन्नुपर्दा "चाडपर्व" शब्दले मानव समाजको जीवनका विविध पक्षहरूको गरिमामय पक्षको उद्बोधन गर्दछन् । प्रत्येक मानव समाजमा कुनै न कुनै किसिमका चाडपर्वहरूको प्रचलन रहेको पाइन्छ । यसअर्थमा जुनसुकै समाजको सांस्कृतिक जीवनमा चाडपर्व एक प्रमुख अङ्गका रुपमा विकसित रहेको हुन्छ । चाहे त्यो समाज अविकसित, अर्द्धविकसित वा विकसित जुन चरणमा गुज्रिएको होस् ।

जेहोस् डोम समुदायले पनि हिन्दूहरूले मनाउने सबैजसो मनाउदछन् तथापी यसलाई दुई भागमा विभाजन गरी व्याख्या गर्न सकिन्छ ।

### ४.१०.१ डोम समुदायका आफ्नै देवी-देवता र चाडपर्वहरू

डोम समुदायका मानिसहरूले मात्रै उनीहरूको आफ्नो विभिन्न देवताहरूको साउन महिनामा पूजा-आजा भोज भतेरका साथै आफ्नो नातागोता जम्मा भई भव्य रुपले एउटा चाडका रुपमा मनाउँछन् । अतः यिनीहरूको मात्रै विशेष चाड जुन देवी देवताको पूजा आजा र भोज भतेर गरेर मनाइन्छन् तिनको यसप्रकारले व्याख्या गर्न सकिन्छ :-

**क) राहबाबाको पूजा**

पशुपंक्षिको रक्षा गर्ने देवताको रुपमा शहबाबालाई डोम समुदायले मान्छन् र श्रावण शुक्ल पक्षमा कुनै तिथीमा यिनको पूजा गर्न सकिन्छ भन्ने उनीहरूको मान्यता छ ।

राहबाबालाई पूजाका निमित्त सुङ्गुरको बली दिइन्छ  पिताम्बर र पहेलो वस्त्र चढाइन्छ र ११ जना कुमार केटालाई भोजन गराउनु पर्ने हुन्छ जसमा सुँगुरको मासु र भात

खुवाइन्छ अनि टिका लगाएर दक्षिणा पनि दिइन्छ । यस्ता पूजा गराउँदा डोम समुदायले आफ्नो भान्जालाइ नै पण्डित वा पूरोहित बनाउँछन् । यो पूजा २ दिन सम्म चलाइन्छ ।

**ख) महापुर लखनदेवको पूजा**

यो पूजा कार्य पनि श्रावणमै गरिन्छ । यो घर बाहिर आँगनमै गर्नुपर्ने हुन्छ । आँगनलाई गोबर-माटोले लिपेर शुद्ध आत्माले शुरुमा लड्डु फलफूलले पूजा गरिन्छ तर भोज गर्न सुँगुर काटी विशेष परिकारको रुपमा सुँगुरको मासु र रक्सी खाइन्छ ।

**ग) गोरइयाको पूजा**

कुल देवीका रुपमा गोइरयाको पूजामा घरमा स्थापित देवीलाई सुँगुरको पाठो बली चढाएर पछि दाजुभाई (पटेदार) मात्रै भोज खान्छन् । यिनको पूजाबाट घर परिवार को रक्षा हुन्छ भन्ने विश्वास छ ।

**घ) सेमे कलिका (कालिका)**

यो पूजामा कालो चुरा, धागो, पानको पात, ल्वाङ्ग, सुपारी, अलैंची चढाउनुका साथै यसमा सुँगुरको पाठोको बली दिनुको अलावा फूल र लड्डु पनि चढाइन्छ । यो पूजामा दुई ग्लास रक्सी (तपावन) पनि चढाइन्छ ग्लासको रक्सी थोपा थोपा चुँहाउँदै पूजा गरिन्छ । यो पूजाबाट भूत-प्रेत नलाग्ने विश्वास गरिन्छ ।

**ङ) बौधी माई**

डोम समुदायको सामुहिक देवीको रुपमा भाकल पूरा गर्ने अभिष्ट दातृका रुपमा बौधी माईको पूजन गरिन्छ । यी देवीलाई मनोकामना पूरा हुँदा वा पुरा गर्न जे चढाउँछु भनेको  वा भाकल गरेको हो त्यही भोग दिनुपर्छ कामना सिद्धभई भोग नदिएमा अनिष्ट हुने कुरो बताइन्छ ।

माथिका देवीदेवता डोम समुदायका मात्रै हुन् र यसलाई पूजा र भोज दुवै मानी चाडको रुपमा मनाइन्छ ।

### ४.१०.२ हिन्दू देवी-देवता र चाडपर्वहरू

हिन्दूहरूले जुन जुन देवी देवता मान्छन् ती ३३ कोटी देवी देवतालाई नै यिनीहरू श्रद्धापूर्वक मान्छन् जति गणेश, ब्रह्मा, विष्णु, महेश आदि प्रति जति आदर गर्दछन् उति नै लक्ष्मी, सरस्वती, पार्वती प्रति आस्था राख्दछन् यिनीहरूलाई लामो समयदेखि शिक्षा र

कर्मकाण्डबाट पछि पारिएकोले मन्त्रोचारण र पूजाविधि मात्र आउँदैन तथापी श्रद्धा-सुमन अर्पण गर्छन । त्यसैगरी यिनीहरूले हिन्दूहरूले मनाउने चाडपर्वहरू दशैं, तिहार, नागपूजा, सरस्वतीपूजाका साथै फागु पूर्णिमा अबिर रङ्ग खेलेर, मासु, रक्सी खाएर धुमधामले मनाउँछन् ।

## ४.११ भेषभूषा र आभूषण

वीरगञ्ज नगर भित्र बस्ने डोम समुदायका भेषभूषा र आभूषण अन्य तराइवासी भन्दा मौलिक र पृथक छैन । धैरै जसो डोम समुदायका पुरुषहरू सर्टपाइन्ट र केहीले मात्र धोती सर्ट लगाएको पाइयो र विवाह भएका महिलाहरूले धोती, साडी, फरियाचोलो लाउँछन् भने केटीहरूले सुरुवाल - कुर्ता, मिडी पनि लगाएको देखियो । पुरुषहरूले सामान्य खालको धातुको औंठी लगाइएको पाइयो । त्यसैगरी महिलाहरूले फुली, नत्थी, टीका, चुरा, बाला, झुमका, गाजल, लिपिस्टिक, लाली, सिंदुर नै डोम समुदायका महिलाहरूको आभूषण हो ।

## ४.१२ शैक्षिक अवस्था

शिक्षा मानव जिवनको एक महत्वपूर्ण अंग हो । शिक्षा विना कुनै पनि समाजको सामाजिक, आर्थिक, राजनीतिक एवम् सांस्कृतिक विकास हुन सम्भव हुँदैन । शिक्षाकै माध्यमबाट मानिसले आफ्नो बुद्धि, विवेक, सोचाइ तथा जीवन स्तरमा परिवर्तन ल्याई आफ्नो क्षमताको अभिवृद्धि गर्न सक्दछ । कुनै पनि मुलुकको चौतर्फि विकास तथा सक्षम, उत्पादनशील, अनुशासित तथा समाजप्रति दायित्व र जिम्मेवारी नागरिक उत्पादन गर्न शिक्षाको नै मुख्य भूमिका रहन्छ । अध्यन क्षेत्रका डोमहरुको शैक्षिक स्तरलाई हेर्ने हो भने खासै सन्तोषप्रद पाइँदैन । कुल ४७ घरधुरी मध्ये १ जनाले मात्र एस एल सी पास गरेको पाइयो भने २५ घरले मात्र बच्चा स्कूल पठाएको पाइयो ।

डोमहरुको चेतनामा कमी आउनु, शिक्षाको महत्व बुझ्न नसक्नु, गरिबी तथा अन्य विभिन्न आर्थिक तथा सामाजिक-साँस्कृतिक कारणका कारण शैक्षिक स्तर न्यून भएको हो तर यति हुँदा हुँदै पनि विस्तारै डोम समुदायमा शिक्षाप्रतिको आकर्षण बढ्दै गएको भने पाइन्छ । अध्ययन गरिएका ४७ घरपरिवारको शैक्षिक स्थितिबाट तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. ६

## अध्ययन गरिएको जनसंख्यामा डोमहरुको शैक्षिक अवस्था

| विवरण | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| निरक्षर | १०५ | ७१.४३ | १३७ | ९१.९५ | २४२ | ८१.७६ |
| साक्षर | ३० | २०.४१ | १० | ६.७१ | ४० | १३.५१ |
| निम्नमाध्यमिक | १० | ६.८० | २ | १.३४ | १२ | ४.०५ |
| एस.एल.सी. | २ | १.३८ | | | २ | ०.६८ |
| जम्मा | १४७ | १०० | १४९ | १०० | २९६ | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०६९ )

माथिको तालिका अनुसार निरक्षर धैरै ८१.७६% रहेकोछ । साक्षर भन्नाले सामान्य लेखपढ गर्न सक्ने प्रा.वि तह सम्म पढेका जुन १३.५१% रहेका छन् । त्यस्तै निम्नमाध्यमिक ४.०५% र एस.एल.सी. ०.६८% रहेको छ । यसरी डोम समुदाय शिक्षाप्रति उदाशिन देखिन्छ । काम नगरिकन खान नपुग्ने भएका कारण सानै उमेरबाट स्कूलको साटो बाँसको काम तथा फोहर सरसफाइ लगायतका काममा बाबु–आमालाई सघाउनाले पनि शिक्षामा कमी देखिएको हो । आमा–बाबुको चेतनाको अभावले गर्दा यस्तो स्थिति आएको हो ।

# अध्याय पाँच

# डोमहरुको जीविकोपार्जनका तरिकाहरु

यस अध्यायमा डोमहरुको परम्परागत जीविकोपार्जनको तौर–तरिका साथै जीवनयापनमा सहयोग गर्ने रणीतिको बारेमा चर्चा गरिएको छ । डोमहरुको जीवनशैलीमा बाँसको विभिन्न सामग्री बनाउने बेच्ने, सुँगुर पाल्ने, फोहर सरसफाइ गर्ने र त्यसबाट प्रप्त आम्दानीले जीवन गुजारा गर्ने गर्दछन् । युगौंदेखी नै डोमहरुको विशेषता , रहनसहन तथा तौरतरिका भिन्न रही आएको छ । चरम जातीय भेदभाव तथा छुवाछूत र सामाजिक वंन्चितीकरणका वावजुद पनि यस समुदायको कला, शीप र परिश्रमको सहायताले आफूलाई आजसम्म बचाई राख्न सफल भएका छन् । साथै पुर्खौदेखी गाँउ किनवेच गर्ने प्रथा रही आएको छ । विशेष गरी बजार र गाँउ क्षेत्र वरिपरि बस्न रुचाउने यो समुदायको परम्परागत जीवनशैली रहेको छ । तल विभिन्न शीर्षकमा रहेर यिनीहरुको परम्परागत जीवनशैली र जीविकोपार्जनको तौरतरिकालाई बुझ्ने कोशिस गरिएको छ ।

## ५.१ परम्परागत पेशा

यस समुदायको परम्परादेखीनै बाँसको विभिन्न सामाग्री बनाउने, त्यसलाई गाँउघरमा तथा शहरबजारमा घुमाइ विक्री गर्ने, साथै सुँगुर पाल्ने र त्यसको किनबेच गर्ने तथा फोहोर सरसफाइ गर्दै आएका थिए र त्यसबाटै जीविकोपार्जन गर्ने गरेका थिए र हाल सम्म पनि यो धेरै मात्रामा कायमै रहेको छ । डोमहरुले आफ्नो जीविकोपार्जका लागि अपनाउने गरेका केही महत्वपूर्ण कार्यहरु तल उल्लेख गरिएको छ ।

### ५.१.१ बाँसको काम

बाँसको यस डोम जातिको जीवनयापनमा ठूलो भूमिका रहि आएको छ । यसबाट चोया काडी विभिन्न सामग्री बनाई सोको बेचबिखनबाट जीवन गुजारा गर्ने यी डोम जातिहरु आफूलाई बाँसमाली भन्न रुचाउदछन् । यिनीहरु बाँसको सुपली, बैन, चगेरा, ढकिया, तराउ लगायतका सामान बनाउने गर्दथे र यसबाट राम्रो आम्दानी हुन्थ्यो तर अचेल मानिसहरु बाँसको सुपलीका ठाँउमा पित्तलको सुपली प्रयोग गर्दछन् भने वेनको साटो विजुलीबाट चल्ने पंखा, पगेराको साटो टिनको प्रयोग गर्दछन् । व्यवशायिक उत्पादनले

यस्ता घरेलू उत्पादनलाई विस्थापन गर्न थालेको छ । परिणाम स्वरुप डोमहरुको आयमा प्रतिकूल असर परेको छ । यस कारण उनीहरुले परम्परागत  यो पेशा छाड्दै गएका छन् ।

अध्यनका क्रममा डोम जातिका एक जेष्ठ ब्यक्ति साधु डोमले बताउनु भएको आफ्नो अनुभवलाई तल बक्स न. १ मा प्रश्तुत गरिएको छ ।

*ब्यक्तिगत अध्ययन न.१*

*मेरो नाम साधु डोम हो । म ६१ वर्षको भए । मेरो जन्म स्थान वाराको पिपरामा भएको हो र हाल मेरो घर पनि त्यहीनै छ । मलाई थाहानभएकै उमेरमा मेरो  विवाह भएको थियो । सानै उमेरबाट म आफूभन्दा ठूलासंग गएर बाँस खरिद गरी बोकेर ल्याउने गर्थे । घरमा त्यस बाँस बाट चोया काटी विभिन्न समग्री बनाइन्थ्यो र विस्तारै ठूलाले बनाएको देखेको भरमा ढकिया, चगेरा, वैन, सुपली वुन्न सिके । घरमा सबैले यो कार्य गर्ने भएकाले सानै छँददेखी यी कार्य सिक्नुमा सहज भयो । दिदि र दाजुहरु  पनि यस काममा पोख्त थिए । त्यसता सामानलाई गाँउमा तथा बजारमा लगेर विकी गरीन्थ्यो र त्यसबाट प्राप्त पैसाले घर खर्च धान्थ्यो ।*

**५.१.२ पशुपालन**

सुँगुरपालन डोमहरुको परम्परागत जीविकोपार्जनको अर्को प्रमुख पेशा हो । अध्ययन गरिएको ३० प्रतिशत डोमहरु हाल पनि सँगुरपालनमा लागेका छन् । जुन उनीहरुको वैकल्पिक आयको एक स्रोत पनि हो । कसैले त ब्यपारिक रुपमा पनि सुँगुरपालन गर्दै आएका छन् । छपकैयामा सुँगुरपालन गर्दै आएका मनुवा डोमी को अनुभवलाई तल बक्समा प्रश्तुत गरिएको छ । तर अध्ययन क्षेत्र हाल आएर ठूलो शहरको रुप धारण गरी सकेको कारण कतिपयले सुँगुरपालन हाल आफूहरुले बजार भन्दा केही पर गरेका छन् । बजारमा खुल्ला रुपमा सुँगुर पालन निशेध गरिएकाले आफूहरुलाई सुँगुर पालन गर्न गाह्रो भएकाले पाल्न छाडेको बताएका छन् । सुँगुरले दुर्गन्ध फैलाउने भन्दै अन्य जातिले विरोध गरेका कारण आफूहरुले सुँगुर पालन गर्न छाडेको बताए भने २ जनाले संयुक्त रुपामा बजार बाहिर जग्गा भाडामा लिएर ब्यवसायिक रुपमा सुँगुरपालन गरेको पनि पाइयो । हेर्नुहोस् बक्स न. २

*व्यक्तिगत अध्ययन न.२*

*मेरो नाम मनुवा डोमी हो। म हाल ४२ वर्षको भए । म हाल वीरगंज उपमहानगरपालिका वडा न ९ मा बस्दछु । अहिले म मजदुरी गरेर जीवनयापन गर्दछु । केही दशक अघिसम्म हाम्रो घरमा ३,४ वटा सुँगुर तथा माउ सुँगुर पाल्ने गर्दथ्यौ । त्यसको बिक्रीबाट घर खर्चको लागि केही सहज हुने गर्दथ्यो र मासु खानको लागि पनि त्यसले टर्ने गर्दथ्यो। तर वीरगंज उपमहानगरपालीकाले शहर भित्र सुँगुर छाडा पालेको भन्दै कडाइ गरेकाले विस्तारै पाल्न छाड्नु पऱ्यो । हाम्रो चाडपर्व तथा पूजा आजामा पनि सुँगुरको विशेष महत्व भएका कारण अहिलेत्यस्ता कार्यका लागि बजारबाट किनेर ल्याउनु पर्दछ । घरमा पूजाआजामा सुँगुर काट्दा समाजका सबैको भेटधाट हुने र रमाइलो हुने गर्दथ्यो तर अहिले त्यो पनि कम हुन थालेको छ ।*

माथिको बक्समा मनुवा डोमीले भनेबाटै सुँगुर पालन उनीहरुका लागी कति महत्वपूर्ण रहेछ बुझ्न सकिन्छ । हाल वीरगंज उपमहानगरपालिका क्षेत्रमा खुल्ला रुपमा सुँगुरपालन कडाइ गरिएकाले यो कार्य पनि विस्तारै लोप हुन थालेको छ । खास गारी जग्गाको अभावका कारण उनीहरु रहर हुँदा-हुँदै पनि सुँगुर पाल्न सकिरहेका छैनन् ।

युवा पुस्ताहरुले आफ्नो बाबु-बराजुले जाँड- रक्सी धेरै खाने गरेकाले आफ्नो आर्थिक स्थिति बिग्रिएकोले सो आफूहरुले नखाएको पनि बताए । आफ्नो परम्परागत पेशाले नै आफूहरुलाई माथि उक्लन नदिएको कुरा पनि केही युवकले बुझेको र सो आफूहरुले नगरी अन्य रोजगारीमा लागेको पनि बताए । तर अझै पनि पुराना पुस्ताका डोमहरु यसमा जोडिएको छन् र नयाँ पुस्ता यस पेशाबाट अलग्गिने क्रम भरखरै मात्र शुरु हुन लागेको देखिन्छ ।

## ५.२ वर्तमान आर्थिक अवस्था

कुनै पनि समाजमा बस्ने व्यक्ति र समूह वा वर्गको आर्थिक स्वरुप बुझ्नको लागि त्यस समाजमा कायम रहेको उत्पादन, उपभोग, विनिमय र वितरणको समग्र पक्षलाई बुझ्नुपर्ने हुन्छ । जीवनयापनको क्रममा गरिने वस्तु तथा सेवाको उत्पादन, उपभोग, विनिमय, वितरण साथै सम्पत्ति माथिको स्वामित्वले त्यस समाजको स्वरुप निर्धारण तथा परिवर्तनको प्रक्रियालाई समेत असर गर्ने गर्दछ । त्यसैले समाज र अर्थतन्त्र वीचको अन्तरसम्बन्धको अध्ययन अति आवश्यक हुन्छ ।

डोमहरु आर्थिक दृष्टिकोणबाट हाल पनि कमजोर अवस्थामा छन् । हाल पनि वीरगंजका डोमहरु सीमित परम्परागत पेशामा आश्रित छन् । जसको आय न्यून छ । न्यून ज्यालामा मजदुरी गर्दछन् । यसका अलावा सरकारी, निजी भवनहरु त्था बाटोको फोहर सरसफाइ, बाँसको काम र थोरबहुत सँगुर पालन गर्दछन् । कतिपयले वीरगंज उ.म.न.पा. मा सरसफाइको जागिर (करार र ठेक्का) गरेका पनि छन् । जातिगत हिसावले नै डोम कृषकहरू मध्ये खेती गर्ने होइन बरु पशुमा सुँगुरपालक हो । त्यसैले यस अध्ययन क्षेत्र भरिको डोमहरूको कसैको पनि खेतीका लागि भूमि छैन । कृषिका लागि भूमि नहुनु भन्दा पनि भएको सीमित भूमिको पनि लालपुर्जा नभएको तथ्य अनुशन्धानको दौरानमा भेटियो । ४७ घरधुरीमा गरिएको अध्ययनमा १९ जनाको मात्रै आफ्नो घडेरीको लालपूर्जा छ भने २८ जनाको घडेरीको लालपुर्जा नभएको पाइयो । अध्ययन क्षेत्रका डोम समुदायहरुले भने विगतको दशक यता उनीहरुले अपनाउने पेशामा सामान्य परिवर्तनहरु ल्याउँदै आएको पाइन्छ । फलस्वरूप उनीहरूले अन्य राम्रो आम्दानी हुने पेशाहरुलाई वैकल्पिक पेशाको रुपमा अपनाउन थालेका छन् ।

अध्ययन गरिएका ४७ घरपरिवारमा अपनाउने पेशाको आधारमा जनसंख्याको वितरणलाई तलको तालिका न. ६ मा हेर्न सकिन्छ ।

**तालिका नं. ७**

**पेशाको आधारमा अध्ययन जनसंख्याको वितरण**

| पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत पेशा | १४ | २९.७८ |
| ज्याला मजदुरी | ५ | १०.६४ |
| सेवा नोकरी (सरसफाइ) | २८ | ५९.५८ |
| जम्मा | ४७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६९

तालिका न. ६ अनुसार डोमहरुको पेशागत आधारमा जनसंख्याको वितरण गर्दा सबैभन्दा बढी ५९.५८% सेवा नोकरीमा( *सरसफाइ-संग सम्बन्धित* ) देखियो । परम्परागत पेशा २९.७८% र सबै भन्दा कम १०.६४% ज्याला मजदुरी रहेको पाइयो । यसो हुनमा चेतना बढ्दै जानु तथा बदलिदो परिस्थितिमा परम्परागत पेशाले मात्र जीवन निर्वाह गर्न कठिन हुनु नै हो ।

# अध्याय छ

# डोमहरुको जीविकोपार्जनमा परिवर्तन ल्याउने कारणहरु

डोमहरुको परम्परागत जीविकोपार्जन तथ्य जीवनयापनमा बिगत १० वर्षयता परिवर्तन आउन शुरु भएको छ । उनीहरुको परम्परागत, जीविकोपार्जन गर्ने तरिका जस्तै बाँसको काम, पशुपालन (सुँगुरपालन) आदि जस्ता क्रियाकलापमा परिवर्तन आउनुको पछाडि, शिक्षाको विकास सँगै चेतनामुलक कार्यक्रमहरुको महत्वपूर्ण भूमिका रहेको छ । यसका साथ साथै सञ्चार माध्यमको पहुँचले पनि डोमहरुलाई केही चेतनशील बनाएको छ । यस अध्यायमा अध्ययन क्षेत्रका डोमहरुको परम्परागत जीविकोपार्जनमा परिवर्तन ल्याउने मुख्य कारणहरुलाई ब्याख्या तथ्य विश्लेषण गरिएको छ ।

## ६.१ फोहोर सरसफाइको काम

डोमहरुको विशेषतः बीरगंज उपमहानगर क्षेत्रभित्रकाहरुको जीविकोपार्जनको मुख्य साधन नै सरसफाइबाट आएको रकम या ज्याला हो । अन्य जातजातिले फोहर सरसफाईको काम गर्न घिन मान्दछन् । तसर्थ यो पेशा डोमहरुको मात्र जस्तो हुन आएको छ । यस अध्ययन क्षेत्रमा ४७ घरपरिवार मध्येका ४४ घरमुलीहरूले सरसफाइका लागि वी.उ.म.न.पा कार्यालय, जि.वि.स. लगायत अन्य कार्यालय तथा उधोगहरुमा काम पाएका छन् । जसकारणले आम्दानी बढ्न गई जीवनयापनमा राम्रै प्रभाव परेको छ ।

उनीहरुलाई अछूत भनेर कृषि लगायतका मजदुरी गर्न नदिइएका कारण पनि उनीहरु फोहोर सरसफाइ गर्ने गरेको पाइयो । फोहोर सफाइ भन्नाले नगर क्षेत्रको घरहरुमा ढल सफा गर्ने, नाला सफा गर्ने कामहरु पर्दछन् । डोमहरुलाई आफ्ना पुर्खाहरुले कहिलेबाट यस्तो कार्य गर्न थाले भन्ने विषयमा दुरुस्त हेक्का भएको पाइएन । तथापि ५० वर्ष अघिबाट वीरगंज नगरपालिकाको गठनसंगै कार्य शुरु गरेको बताए । हाल आएर डोम भन्ने बित्तिकै फोहर सफा गर्ने भन्ने पर्याय परिसकेको अध्ययन क्षेत्रमा देखियो । हाल कतिपय अध्ययन क्षेत्रका डोमहरुले सरसफाइका लागि भनी वी.उ.म.न.पा. कार्यालय र जि.वि.स. लगायत अन्य कार्यालयमा जागीर पाएका छन् । उनीहरुले सरसफाइ अन्तरगत कार्यालय परिसर सफा राख्ने, नगर क्षेत्र सफा राख्ने, नाला ढलहरु सफा राख्ने आदि जस्ता सरसफाइ सँग सम्बन्धित कामहरु पर्दछन् । यी सरसफाइका लागि राखिएका धेरैलाई ज्यालादारी र केहीलाई मात्र स्थायी गरिएको छ ।

अध्ययनको क्रममा विगत ४० वर्षदेखि सरसफाईको काम गरी जीवन यापन गर्दै गरेका किसन मल्लीले साटेको अनुभव तल बक्स न. ३ मा छ।

***व्यक्तिगत अध्ययन न.३***

*मेरो नाम किसन मल्ली हो । म हाल ५२ वर्षको भए । म मेरो श्रीमती, छोरा, बुहारी, नाति-नातिनाका साथ हाल वडा नं. ९ मा बस्दछौ । मैले फोहोर सरसफाइ गर्ने काम गर्न थालेको ४० वर्ष भईसक्यो । खास गरी घरको चर्पी, ढल, सेफ्टी ट्याङ्की आदि सरसफाइ गर्दै आईरहेको छु । यसबाट पहिला त राम्रै खान पुग्ने आम्दानी हुने गर्दथ्यो तर आजकल सेफ्टी ट्याङ्की नगरपालीकाको गाडीले नै सफा गर्छ, ढलहरु पनि बाटोको त नगरपालिकाले नै काम गर्ने राखी सफा गराउने हुँदा काम कम हुन थालेको छ । नगरपालिकामै डोमहरुलाई सफाइको रोजगारी दिएको छ । मेरो त उमेरले जागिर गर्न दिएन तर छोरो नगरपालिकाको फोहोर सरसफाइको नाइके पदमा काम गर्छ । त्यसैले परिवार धानेका छन् ।*

माथिको व्यक्तिगत अध्ययनलाई हेर्ने हो भने पुराना पुस्ता र नयाँ पुस्ताले गर्ने काममा केही फरक स्थिति देखिन्छ । पुरानाले सरसफाइको काम खोज्दै घर घर हिड्नु पर्ने स्थिति थियो भने नयाँले सरकारी कार्यालयहरुमा सफाइ सम्बन्धी रोजगारी करारमा, ठेक्कामा हासिल गरेका छन् । बढ्दो शहरीकरणले जन्माएका नयाँ नयाँ अवसरहरु पनि कोही कोहीले प्राप्त गर्न थालेका छन् । अध्ययन क्षेत्रका अधिकांश डोमहरु पुराना पेशासँगै जोडिएको भएता पनि कार्य गर्ने स्थान र काम दिगो किसिमको छ । यस्तो कामबाट परम्परागत पेशाको दाजोमा राम्रो अम्दानी भइरहेको पाइयो ।

### तालिका नं ८

### सरसफाइ बाट  बार्षिक आम्दानी

| आम्दानी रुपियामा | घरमुली संख्या | प्रतिशत |
|---|---|---|
| २५००० सम्म | ९ | २१.२८ |
| २५०००-५०००० | १८ | ४०.४२ |
| ५०००० भन्दा माथि | १७ | ३८.३४ |
| जम्मा | ४४ | १०० |

(स्रोत: स्थलगत अध्ययन २०६९)

उपर्युक्त तालिका न. ७ मा सरसफाइ सँम्बन्धी कामका सिलसिलामा विभिन्न कार्यालय, घर तथा उधोगमा काम गरिरहेका ४४ घरमुलीलाई उनीहरूले गर्ने आम्दानीका हिसावले वर्गिकरण गर्दा अध्ययन क्षेत्रमा वार्षिक रु २५००० सम्म आम्दानी गर्ने घरपरिवारको संख्या ९ अर्थात २१.२८%, त्यसैगरी रु २५०००-५०००० सम्म बार्षिक आम्दानी गर्ने घरपरिवारको संख्या १८ अर्थात ४०.४२% अनि रु ५०००० भन्दा माथि आम्दानी गर्नेको संख्या १७ घरपरिवार रहेको छ अर्थात ३८.३४% हुन आउँछ । ३ घरपरिवारले भने सरसफाइ सम्बन्धी काम नगर्ने बताए । तर आम्दानीलाइ खासै बचाएको देखिएन । धैरैलाई उनीहरुको आम्दानीले हालको महंगीमा जीवनयापन गर्न पनि हम्मे परेको छ ।

## ६.२ शिक्षा

शिक्षा पनि एक महत्वपूर्ण कुरा हो । जसले डोमहरुको जीवन यापनमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । अध्ययन क्षेत्रका डोमहरुमा हाल पनि शिक्षाप्रति निकै कम चेतना रहेको छ । तापनि युवा पुस्ताहरु भने शिक्षा जीवनको लागि आवश्यक छ भन्ने कुरामा सहमत छन् । १० वर्ष अगाडिको अवस्थामा र हालको स्थितिमा उनीहरुमा शिक्षाप्रति सकारात्मक दृष्टिकोण रहेको छ । उनीहरुले नै आज भन्दा १० वर्ष अगाडि आफ्नो बच्चालाई स्कूल पठाउन चाहँदैन थिए भने हाल स्कूल पठाउनु पर्दछ भन्ने

मानसिकताको विकास भएको पाइयो । त्यस्तै आफ्नो वरिपरि रहेका अन्य जात-जातिका छोरा-छोरीले शिक्षाकै माध्यमबाट निकै उन्नति र प्रगति गरेको देखेर पनि केही डोमहरुले आफ्नो सन्तानलाई सरकारी स्कूलमा पढाएको बताए । त्यसैगरी सरकारी तथा विभिन्न गैरसरकारी संस्थाहरुबाट शिक्षाप्रति भएको प्रचार प्रसार र शैक्षिक सहभागिता बढाउन प्रदान गरिएका सुविधाबाट बिस्तारै बच्चाहरुलाई स्कूल पढाउनु पर्दछ भन्ने चेतनाको विकास भएको  पाइन्छ । अध्ययन गरिएको ४७ घरधुरीमा आफ्नो बच्चाप्रति अभिभावकको शैक्षिक आकांक्षा यस्तो पाइयो ।

**तालिका नं.९**

**अध्ययन क्षेत्रमा बच्चाहरुप्रतिको अभिभावकको शैक्षिक आकांक्षा**

| शैक्षिक तह | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| नपढाउने | २ | ४.२५ |
| साक्षर बनाउने | ३२ | ६८.०९ |
| मा.वि. तह सम्म | ८ | १७.०२ |
| मा.वि. तह भन्दा माथि | ५ | १०.६४ |
| जम्मा | ४७ | १०० |

(स्रोतः स्थलगत अध्ययन २०६९)

माथिको तालिका न. ८ बाट पनि हाल डोमहरुको शिक्षाप्रति बिस्तारै आकर्षण बढ्दै गएको स्पष्ट हुन्छ । नपढाउने भन्ने डोमहरु पुराना अर्थात बृद्धहरु थिए । जसलाई शिक्षाको महत्व नै थाहा थिएन भने मा.वि. तहमा र सो भन्दा बढी पढाउनु पर्दछ भन्ने खासगरी २०/३० उमेर समूहका व्यक्तिहरु थिए । त्यसैले नयाँ पुस्ताले शिक्षाको महत्व पुरानाका तुलनामा बढी बुझेको देखिन्छ । हाल अध्ययन क्षेत्रका युवा डोम अभिभावकहरु आफ्ना सन्तान पढाउन लागि पर्न थालेका छन् । हेर्नुहोस् बक्स न. ४ र ५

### *व्यक्तिगत अध्ययन ४*

*मेरो नाम प्रभु मली डोम हो । म वडा नं. १ मा बस्छु । म ३४ वर्ष भए । पहिले म बी.उ.म.न.पा मा कुचिकारको काम गर्दथे र हाल बी.उ.म.न.पा. मा फोहर उठाउने गाडीको चालक छु । सरकारी स्कूलमा कक्षा ८ सम्म पढें । र ६ वर्ष अघि गाडीको लाइसेन्स परीक्षा उत्तीर्ण गरे पछि मैले यहाँ ड्राइभरको जागिर पाएको छु । मेरो बुवा आमा पहिला-पहिला परम्परागत काम नै गर्नुहुन्थ्यो । अहिले बूढा-बूढी पनि हुनु भयो । घरमै बसेर बाँसका सामान बनाउने काम बाहेक अरु गर्नु हुन्न । घर परिवार मेरो जागिरले धानेको छु । मेरो आम्दानी नगरपालीकाको तलब मासिक रु ७,०००।- छ । मैले नपढेको भए लाइसेन्स परीक्षा पास गर्न सक्दिन थिए । शिक्षाकै कारणबाट हाम्रो परिवारको जीवन यापनमा केही परिवर्तन आएको छ । हाल मेरो पुर्ख्यौली घरमा केही मर्मत सम्हार गरेको छु । घरमा टि.भि. छ र साथै साइकल पनि छ ।*

### *व्यक्तिगत अध्ययन नं.५*

*मेरो नाम अनवर डोमी हो । म हाल २२ वर्षको भएँ । हाल म वडा नं. ९ मा डोम टोलमा नै किनारा खुद्रा दोकान चलाएर बसेको छु । मैले व्यापार गर्न थालेको ६ वष भइसक्यो । मैले कक्षा ८ सम्मको अध्ययन सके पछि केही समय पश्चात दोकान थालेको छु । पढेका कारण नै मलाई हिसाब किताब गर्न आएकाले व्यापार गर्न सजिलो भयो । मेरो समुदायका अधिकांश मेरै दोकानबाट सरसामान लाने गर्दछन् । मेरो घरमा पहिला धेरै दुःख थियो । बुवाको कमाइमा मात्र भर थियो । तै पनि बुवाले कक्षा ८ सम्म जेनतेन पढाउनु भयो । म पढेकाले नै आज एक सानो भए पनि व्यापारी बन्न सकेको छु । पहिला स्कुल जाँदा कयौँ दिन बाँसको काम गर्ने, सुँगुर गोठालो गर्ने गर्थें तर हाल ती काम भन्दा व्यापारमै पैसा पाएको छु र मेरो परिवारलाई आर्थिक सहयोग पनि गरिरहेको छु ।*

माथिका दुई व्यक्तिगत अध्ययनलाई हेर्ने हो भने डोम समुदायमा ढिला नै भए पनि शिक्षाको महत्वलाई बुझेर शिक्षातर्फ उनीहरुको झुकाव बढ्दै छ । सुरेश डोम र अनवर डोम जस्ता अरु पनि डोम हाल अध्ययन क्षेत्रमा केही भेट्न सकिन्छ । जसले गर्दा उनीहरुको परम्परागत जीवन यापनमा बिस्तारै परिवर्तन आइरहेको छ ।

## ६.३ नोकरी/सेवा

उचित शिक्षा तथा चेतनाको अभावमा सरकारी तथा निजी नोकरी/सेवाबाट बञ्चित अध्ययन क्षेत्रका डोमहरुलाई पछिल्लो १० वर्षयता फाटफुट रुपमा नोकरीतिर सम्लग्न हुने क्रम बढ्दो छ । हाल यिनीहरुमा सरकारी/निजी कार्यालयमा सरसफाइको कामको जागिरेको (*ठेक्का/करार*) रुपमा कार्य गर्न आकर्षण बढेको छ । पहिला सोही काम कहिलेकाही घर-घर गई गर्थे भने अहिले जागिर नै गर्न पाएका छन् । २ जनाले वीरगंज उपमहानगरपालिकामा फोहर बोक्ने ट्र्याक्टरको चालकको काम पाएको भेटियो । त्यस अध्ययनको क्रममा १ जना बैदेशिक रोजगारीका लागि कतार गएको पनि भेटियो । खासगरी नयाँ पुस्ता नोकरी तथा जागिरतर्फ बढी लालायित रहेको देखियो । जसका कारणबाट डोमहरुको परम्परागत जीविकोपार्जन गर्ने तौरतरिकामा परिवर्तन आएको छ भने जीवनस्तर पनि केही माथि उठेको छ । एकातिर यस्तो जागिर तथा नोकरकिो कारण अध्ययन क्षेत्रका डोमहरुलाई आम्दानी गर्न र आफ्नो जीवन यापन गर्न सजिलो छ भने अर्कातिर परम्पराबाट गरिँदै आएका परम्परागत पेशा र जीविकोपार्जनका तौर तरिकाहरु भने विस्तारै लोप हुने क्रममा छन् । अध्ययन गरिएका ४७ घरधुरीका सदस्य मध्ये विभिन्न कार्यालयमा जागिर गर्ने डोमहरुको विवरण तल उल्लेख गरिएको छ ।

**तालिका नं.१०**

**अध्ययन क्षेत्रका डोमहरुको नोकरी/सेवा**

| कार्यालय | पद | | संख्या |
|---|---|---|---|
| बि.उ.म.न.पा. | कुचिकार | ३९ | ४१ |
| | ड्राइभर | २ | |
| ने.रा.बैङ्क | कुचिकार | | २ |
| विभिन्न सरकारी तथा निजी कार्यलय | कुचिकार | | २० |
| जम्मा | | | ६३ |

(स्रोतः स्थलगत सर्वेक्षण २०६९)

## ६.४ पूँजीवादी बजार विस्तार

अध्ययन क्षेत्र ५० औं वर्षदेखि शहर बजार भएता पनि डोमहरुले आफूहरुद्वारा उत्पादित बाँसको सामानको उत्पादनहरुको राम्रो दाम पाउने गर्दथे । त्यसबाट प्राप्त हुने आम्दानीले रोजीरोटी चल्ने गर्थ्यो । तर हाल आएर विश्वमा पूँजीवादी बजार बिस्तारका कारण स्थानीय उत्पादनको बजार प्राय ठप्प भएको छ । डोमहरुले बनाउने बाँसको सुपलीको ठाँउमा ठूलो कलकारखाना बनेको पित्तलको सुपली प्रयोग गर्दछन् । बाँसबाट बनेको बेनको सट्टामा बिजुलीबाट चल्ने पंखा, पगेराको सट्टामा टिनको प्रयोग गर्दछन् भने बाँसको तराजुको ठाउँमा डिजिटल तराजुको प्रयोग गरिन थालेको छ । यसले ठूला ब्यापारीलाई मात्र फाइदा पुगेको छ भने स्थानीय डोमहरुको कला, सीप तथा रोजीरोटी माथि धावा बोली सो सीप विस्थापित हुन पुगेको छ । त्यस बाँसबाट बन्ने सामानको धार्मिक कार्यमा बाहेक अन्यमा प्रयोग गर्न छाडेका छन् । त्यसले पनि डोमहरुको यो सीप संकटमा परिसकेको छ । उनीहरुले अन्य सीप अपनाउनुको विकल्प छैन । आधुनिकीकरणले डोमहरुको परम्परागत पेशा लोपको बाटोमा लागेको र उनीहरुले अन्य वैकल्पिक पेशा अपनाउन थालेका छन् । हेनुहोस् बक्स न. ६

***व्यक्तिगत अध्ययन न. ६***

*मेरो नाम प्रमोद डोमी हो । म हाल ३० वर्षको भए । म र मेरो परिवार हाल वी.उ.म.न.पा. को घुमन्ते सार्वजनिक शौचालय ठेक्कामा लिई सञ्चालन गर्दै वडा नं. १ मा बस्दै आएका छौं । पहिला हामी सिमरामा बस्दथ्यौ । त्यहाँ हाम्रो मुख्य पेशा नै बाँसको सामान बनाइकन गाउँ गाउँ घुमाएर बेच्ने थियो । त्यस काममा ज्यादै दुःख थियो । सामान बिक्री नै हुन गाह्रो थियो । बुवाको निधन पश्चात म १० वर्ष अगाडि यहाँ बसाइँ सरेको हुँ । यहाँ आएर नगरपालीकामा सरसफाइ गर्ने काम गरेको हाल ४ वर्ष भयो । यो सार्वजनिक शौचालय सञ्चालनको ठेक्का मैलै नै पार्दै आएको छु । एक व्यक्तिले पिशाब गरे बापत रु २ र दिशा गरे बापत रु ५ लिने गरेको छु । यसबाट मलाई राम्रो आम्दानी हुने गरेको छ । छोरालाई सकूल बिदाको दिन यही पैसा उठाउन बसाउँछु । हाल आम्दानी राम्रो भएकाले जीवन धान्न र बच्चाहरुलाई पढाउन पनि पुगेको छ ।*

माथिको प्रमोद डोमी जस्तै पूँजीवादी बजार व्यवस्थाले आफ्नो मौलिक उत्पादनको बजार घटेपछि अन्य बैकल्पिक पेशा गर्न थालेका छन् र उनीहरुको परम्परागत जीवन शैलीमा परिवर्तन आएको छ । त्यसैको प्रभाव स्वरुप, टि.भि., रेडियो, मोबाइल, साइकल आदिको खरिद पनि डोमहरुले गर्न थालेका छन् । यसरी पूँजीवादी बजार विस्तारले गर्दा आफ्नो उत्पादनको कम मागका कारण विभिन्न वैकल्पिक र आम्दानीमूलक पेशा अंगाल्ने अवसर पनि डोमहरुलाई प्राप्त भएको छ। जसले उनीहरुको जीवनस्तरमा परिवर्तन ल्याउन मद्दत गर्दैछ । तर पनि अशिक्षा तथा जातीय थिचो-मिचो तथा पूँजीको अभावका कारण डोमहरुले खोजे जति मुनाफा कमाउन भने सकेका छैनन् ।

## अध्याय-७

# जीविकोपार्जनमा आएको परिवर्तन र त्यसको प्रभाव

## ७.१ डोमहरुको जीविकोपार्जनमा आएको परिवर्तन

कुनै पनि व्यक्ति, समाज, देश वा राज्यमा आएको सामाजिक-साँस्कृतिक, आर्थिक, राजनैतिक तथा शैक्षिक परिवर्तनले उक्त राज्यको व्यक्ति, परिवार, समाज र समाजका अन्य विभिन्न पक्षमा असर पार्दछ । परिवर्तन कहिल्यै पनि सापेक्ष हुन सक्दैन, ठाउँ, व्यक्ति, परिवार, समाज र राज्य अनुसार परिवर्तनको स्वरुप पनि फरक-फरक हुन्छ । विगत १० वर्ष अगाडिको डोम समुदायको स्थितिमा पनि ठाउँ पिच्छे उनीहरुको जीवनशैलीमा परिवर्तन आएको छ । वीरगंजका डोमहरुको जीवन शैली पहिलाको तुलनामा तीव्र गतिमा परिवर्तन भएको छ भने  देशका अन्य भागमा बस्ने डोमहरुको परिवर्तनको रफ्तार अलि कम छ । अध्ययन क्षेत्रका डोमहरुमा विगत १० वर्षदेखि हालसम्मको अवधिमा उनीहरुको रहनसहन, खानपान, भेषभूषा पेशा तथा बानी व्यवहारमा क्रमशः परिवर्तन हुँदै आएको छ । यी परिवर्तनले गर्दा डोमहरुको परम्परागत , धर्म, चाडपर्व तथा पेशालाई पछाडि छोड्दै नयाँ पेशा अवलम्बन गर्न थालेका छन् जसले गर्दा उनीहरुको आर्थिक अवस्थामा समेत परिवर्तन आएको छ । त्यसैगरी सामाजिक मेलमिलाप, नातासम्बन्ध, कुटुम्बमा रमाउने डोमहरुमा यी परिवर्तनले गर्दा व्यक्तिवादीताले प्रश्रय पाउँदै गएको छ भने नातागोता सम्बन्ध भन्दा पनि पैसामुखी बानीव्यहोराको विकास हुँदै गएको छ । तर पनि हाल सानोतिनो, व्यसाय, पशुपालन,  ज्याला तथा मजदुरी र नोकरी गर्ने डोमहरुको सङ्ख्या बढ्दो रहेको छ । जसले उनीहरुमा आर्थिक बृद्धि मात्र नभई चेतना, भविष्य प्रतिको सोच, शिक्षाप्रतिको लगाव र वचतको बारेमा समेत सकारात्मक पहल बढेको छ ।

### ७.१.१ सामाजिक र साँस्कृतिक प्रभाव

कुनै पनि व्यक्ति समाजविना रहन सक्दैन र समाज निश्चित मूल्य मान्यता तथा संस्कृतिविना रहन सक्दैन । व्यक्ति र समाज एक अर्कामा अन्तरसम्बन्धित छन् । तसर्थ व्यक्ति विशेषदेखि समाजमा हुने हरेक बदलावले अघि या पछि केही न केही प्रभाव पारिरहेको हुन्छ । डोमहरुको सामाजिक तथा साँस्कृतिक जीवनमा परेका सामान्य मप्रभावलाई छोटो र बुँदागत रुपमा तल उल्लेख गरिएको छ ।

- *जातीय दमन र छुवाछूतका कारण अन्य व्यक्तिको अगाडि बोल्न नसक्ने डोमहरुमा हाल आत्मबल र आत्मविश्वासको विकास भएको छ ।*
- *बजारसँगको प्रत्यक्ष सम्पर्कको कारण हाल युवा पुस्ताको लवाइखवाइ तथा रहनसहन आधुनिक भएको छ ।*
- *हाल डोमहरु बिस्तारै आफ्नो परम्परागत रहनसहन, मूल्यमान्यता धर्मसंस्कृतिलाई बिर्सेर देखावटीको दुनियाँतिर बढ्दैछन् ।*
- *डोम समुदायमा हाल व्यक्तिवादीता हावी भएको कारण नाता सम्बन्धलाई कम महत्व दिने अवस्था श्रृजना भएको छ साथै सामुदायिक मेलमिलापमा कमी देखिन थालेको छ ।*

### ७.१.२ आर्थिक प्रभाव

अध्ययन क्षेत्रका डोमहरुको आर्थिक जीवनको कुरा गर्दा हाल पनि उनीहरुको आर्थिक अवस्था कमजोर नै रहेको छ तापनि पछिल्लो १०-१२ वर्षमा र अहिलेको स्थितिलाई हेर्दा केही भिन्नता पाउन सकिन्छ । विभिन्न क्षेत्रमा आएका परिवर्तनले उनीहरुको आर्थिक जीवनमा पनि प्रभाव पारेको छ जसलाई निम्न बुँदामा राखेर हेर्न सकिन्छ ।

- *आजभन्दा १०-१५ वर्ष अगाडिको र हालको स्थिति तुलना गर्दा उनीहरु पैसालाई बढी महत्व दिन थालेको कारण आर्थिक जीवन केही जटिल बनेको छ ।*
- *१०-१२ हजारले वर्ष नै टार्ने उनीहरु हाल महिनामा नै खर्च गर्न थालेका छन् । हाल पहिलाको तुलनामा उनीहरुले गर्ने खर्च र खरिद दुवैमा बृद्धि भएको छ ।*
- *साना तथा मध्यम व्यापार व्यसायमा संम्लग्न हुन थालेको र नगद आम्दानी गर्न थालेकोले उनीहरुको दैनिक उपभोग्य समानदेखि लत्ताकपडा, खाद्यान्न बजारबाट ल्याउने प्रचलन बढ्दो छ ।*
- *हाल उनीहरु विभिन्न नोकरी तथा दैनिक मजदुरी गर्ने हुँदा उनीहरुको आर्थिक अवस्थाले कोल्टे फेरेको छ ।*

- *उनीहरुको परम्परागत पेशा सुँगुर पालन तथा हस्तकलालाई (**बाँसको काम**) कम गर्न थालेका छन् ।*
- *हाल उनीहरुले मनाउने चाडपर्व तथा पूजाआजामा पनि खर्च गर्ने र देखाउने प्रवृत्ति बढ्दो रहेको छ ।*

### ७.१.३ शैक्षिक प्रभाव

शिक्षाले मानिसमा चेतना ल्याउँदछ र सोही चेतनाले मानिसको व्यवहारमा असर पार्दछ र उसको व्यवहारले समग्र जीवनमा असर पार्दछ । विगत १०-१२ वर्षमा अध्यन क्षेत्रमा खुलेका स्कुल औपचारिक तथा अनौपचारिक शैक्षिक संस्थाहरुले उनीहरुको सोच्ने, बोल्ने तथा निर्णय गर्ने साथै बानी व्यहोरामा समेत असर पारेको छ जसलाई तल बुँदात रुपमा हेर्न सकिन्छ ।

- *हाल यस क्षेत्रका विद्यालय जाने उमेरका ५०% डोम बालबालिकाहरु विद्यालय जाने गर्दछन् ।*
- *हाल उनीहरु सरसफाइ, खानेपानी, स्वास्थ्य तथा बसोबास आदिका क्षेत्रमा थोरै भए पनि सुरक्षा अपनाउन थालेका छन् ।*
- *हाल उनीहरु धाराको पानी प्रयोग गर्ने तथा उपचारको लागि तुरुन्त मेडिकल जाने गर्दछन् भने परम्परागत उपचार पद्धति क्रमशः छोड्दैछन् ।*
- *विभिन्न परिवार नियोजनको साधनहरु उपयोग गर्न र सुत्केरी हुँदा सुडेनीको सहयोग लिन थालेका छन् ।*
- *अभिभावकहरुमा पनि बच्चाहरुलाई पढाउनु पर्दछ भन्ने सोचको विकास भएको छ ।*

### ७.१.४ राजनीतिक प्रभाव

राजनीति एक यस्तो पक्ष हो जसले समग्र राष्ट्रको संरचनामा प्रभाव पार्दछ । व्यक्ति विशेषदेखि समाज समुदाय तथा राष्ट्रमा राजनीतिको मुख्य भूमिका रहेको हुन्छ । राजनीतिलाई कुनै पार्टिगत अर्थमा मात्र नबुझी यसलाई कुनै समुदायको निर्णय गर्ने

प्रक्रियादेखि एउटा सिङ्गो परिवारको निर्णय गर्ने अवस्थासम्म बुझ्नु पर्दछ । तलको बुँदाहरुमा यसलाई अझ स्पष्टसँग उल्लेख गरिएको छ ।

- *हाल यस अध्ययन क्षेत्रका डोम परिवारमा नयाँ पुस्ताले आफ्नो घर परिवार चलाउने र सम्पूर्ण पारिवारिक निर्णय गर्ने युवाहरु बढ्दो रुपमा छन् ।*
- *युवा पुस्ताले नयाँ सोच र परिवर्तित विचाधाराका कारण डोमहरुमा रहीआएको पारम्परिक धारबाट हाल उनीहरु केही हटेका छन् ।*
- *डोम समुदायमा पनि राजनीतिक सहभागिता र जागरण बढ्दो रहेको छ ।*
- *डोमहरुको राजनीतिक जागरण पहिलेको तुलनामा बढे तापनि स्थानीय स्तर , राष्ट्रिय स्तरमा तथा निर्णय गर्ने कुनै पनि तहमा उनीहरको पहुँच रहेको पाइँदैन ।*
- *राजनीतिक रुपमा विभाजन भएका डोमहरुमा पैसाको लागि राजनीतिक दललाई समर्थन गर्ने स्थिति विस्तारै बढ्न थालेको छ ।*

समग्रमा हेर्नुपर्दा डोमहरुको सामाजिक-साँस्कृतिक जीवन लगायत आर्थिक, राजनीतिक तथा शैक्षिक जीवनमा विगत केही वर्षयता प्रभाव पर्दै आएको पाइन्छ तर कतिपय मूल्य मान्यता तथा रुढीवादी परम्परा तथा अन्धविश्वास हालसम्म पनि जीवितैरहेको छ । त्यस्तै गरी संयुक्त परिवारमा बस्ने प्रचलन कम हुँदै आएको, पारिवारिक मान्यता तोडिँदै गएको, पहिलो पुस्ता र दोश्रो पुस्तावीचको पुस्तान्तरण बढेको आदि जस्ता पक्षहरु पनि सृजना हुँदै गएको पाइन्छ ।

# अध्याय - आठ

# सारांश र निष्कर्ष

यो अध्याय यस अध्ययनको अन्तिम अध्याय हो । यस अध्यायमा अध्ययनको सम्पूर्ण विषयवस्तुलाई समेट्दै अध्ययनको सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ८.१ सारांश

नेपाल बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो जहाँ परापूर्वकालदेखि नै फरक सामाजिक-साँस्कृतिक विशेषता बोकेका जातजातिहरु बसोबास गर्दै आइरहेका छन् । जम्मा १०२ वटा जातजाति र ९३ भन्दा बढी भाषाभाषी रहेको यस मुलुकमा दलित जातिको संख्या पाहाडे दलित ५, नेवारी दलित ७ र तराई दलित १७ गरी जम्मा २९ रहेको छ (*नयाँ नेपालमा दलित, नेपाल सरकार राष्ट्रिय दलित आयोग २०६६* ) । विभिन्न जातजातिहरु मध्ये कतिपयले समाजमा आफ्नो हैसियत जगेर्ना गर्न सकेका छन्, कतिले आफ्नो अस्तित्व गुमाइसकेका छन् भने कतिपयको अस्तित्व लोप हुने अवस्थामा रहेको छ । आफ्नो अस्तित्वलाई बचाउने क्रममा रहेका यिनै जातजातिहरु मध्ये पनि समाजिक तथा आर्थिक रुपमा सबै भन्दा तल पारिएको एक तराई दलित जाति डोम हो ।

डोमहरु नेपालका अन्य दलित जातिको तुलनामा सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक हिसावमा अत्यन्त तल परेको जाति हो । प्रतिनिधिसभाको घोषणा २०६३ ले यस मुलुकलाई धर्मनिरपेक्ष राज्य घोषणा गरिए तापनि नेपालमा अनादिकालदेखि हिन्दु वाहुल्याता रहँदै आएकोमा हिन्दुहरूको जनसंख्या ८१.३% कूल जनसंख्याको रहेको छ ( सि.वि. एस २०११) । तथापि बौद्ध ९.०%, इस्लाम ४.४%, किरात ३.१%, जैन, क्रिश्चियन १.४% आदि धर्मावलम्वी पनि छन् र हाम्रो यस अध्ययनको समुदायको सन्दर्भमा भन्नुपर्दा हिन्दु वर्णाश्रम धर्म अन्तर्गतको शुद्रवर्ण अन्तर्गतको 'डोम' पनि एक हो । प्रायः गरेर यो जातिको बसोवास तराई तथा मधेशका १२ वटा जिल्लाहरु (झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, बारा, पर्सा, रौतहट, सर्लाही आदि) मा रहेको छ । नेपाल राज्यमा मध्य तराई र पूर्वी तराईमा विशेषतः यिनीहरूको पश्चिम-नेपालको तुलनामा बसोबास ज्यादा छ । सन्. २०११ को जनगणना अनुसार यो जातिको कुल जनसंख्या १३२६८ देखाइएको छ , जुन यो देशको कुल जनसंख्याको ०.०६% हुन आउँछ । जहाँ वीरगंज उपमाहानगरपालिकामा ५१० रहेको छ (स्रोतः स्थलगत अध्यन २०६९) ।

साहित्यको अभावले डोम जातिको उत्पत्तिलाई हामीले शुद्र वर्णको उत्पत्तिसँग गाँसेर व्याख्या गर्न सक्छौं । हिन्दू वर्णाश्रम धर्म अर्न्तगत डोम शुद्र वर्णमा पर्ने जाति भएकोले वर्ण व्यवस्थाको उत्पत्ति र विकासबारे सुक्ष्म दृष्टि दिनु आवश्यक छ । अतः वर्ण व्यवस्थाको उत्पत्तिका सम्बन्धमा विकास गरिएका सिद्धान्तहरूको चर्चा तल गरिएको छ ।

**क) दैवी उत्पत्तिको सिद्धान्त :** यो सिद्धान्त सर्वप्राचिन मानिन्छ । यो सिद्धान्त अनुसार 'विराट पुरुष' को अवयवबाट चार वर्णको उत्पत्ति भयो । विराट पुरुषको मुखबाट 'ब्राहृमण' जन्मे, बाहुवाट 'क्षेत्रिय' जन्मे, मध्यभाग वा जाँघबाट 'वैश्य' र पाउबाट 'शुद्र' को उत्पत्ति भएको हो । यसलाई अर्को अर्थमा बुझ्दा ब्राम्हणको कार्य पठनपाठन अर्थात मुखसित सम्बन्धित, क्षेत्रिय रक्षा कार्य अर्थात बाहुसित सम्बन्धित वैश्यको व्यापार खेति आदि गरेर पालन गर्ने अर्थात जाँघसित सम्बन्धित कार्य । अन्तमा शुद्रले पाउसम्वन्धी अर्थात सेवासंग सम्बन्धित कार्य भन्ने यस सिद्धान्तको आशय हो ।

**ख) रङ्गको सिद्धान्त :** यो सिद्धान्तानुसार गोरो वर्णका ब्राम्हण भए, रातो वर्णका क्षेत्री भए, पहेलो वर्णका वैश्य भए र कालो वर्णका शुद्र भए ।

**ग) गुणको सिद्धान्त :** यस सिद्धान्तले वर्णको उत्पत्तिको आधार गुणलाई मानेको छ यशानुसार गुणहरू तीन प्रकारका छन्- सत्वगुण, रजोगुण र तमोगुण । सत्वगुण शान्त, प्रकाशमय तथा ज्ञानभावसङ्ग सम्बन्धित छ । यो गुण हुने व्राह्मण भए । रजोगुण अधैर्यता र यरास्वी सँग सम्बन्धित छ यस्ता गुण हुने क्षेत्रिय भए । रजोगुण र तमोगुण मिसिएका वैश्य भए र तमोगुण (अज्ञानताको प्रतिक) मात्र भएको शुद्र भनिए ।

**घ) जन्म सिद्धान्त :** यस सिद्धान्तानुसार कुनै पनि व्यक्ति जुन वर्णको परिवारमा जन्म लिन्छ त्यो व्यक्ति सोही वर्णको हुन जान्छ, जस्तै व्राह्मणको छोरा व्राह्मण र शुद्र वर्ण अर्न्तगतको डोमको छोरा डोम ।

**ङ) कर्म सिद्धान्त :** जसले जुन कर्म गर्दछ त्यही अनुसार त्यसको वर्ण कायम हुने भन्ने सिद्धान्त नै कर्म सिद्धान्त हो । यस सिद्धान्तानुसार अध्ययन अध्यापन पूजापाठको कार्य गर्ने ब्राह्मण भए । युद्ध कौशलमा संलग्न हुने क्षेत्री भए, व्यापार र कृषि पेशा अङ्गाल्ने वैश्य भए र कुनै पनि कार्यमा इच्छा नगर्ने सेवागत भावना भएका शुद्र भए । (दाहाल, २०५७ पृ. ९३ र ९४) वर्ण सम्बन्धी उत्पत्तिको उपर्युक्त केही सिद्धान्तहरू हुन् तर यी कुनैमा पनि भरपर्दो तर्क पाइँदैन, बरु जन्म र कर्म दुवैका आधारमा वर्णको उत्पत्ति र विकास भएको हो । प्रसिद्ध

भारतीय विद्वान डा. भीवराव अम्बेडकरका अनुसार आज अछूतभित्र पारिएका जातिहरू कुनैबेला सूर्यवंशी आर्य थिए । इन्डोआर्यन समाजका यिनीहरूलाई क्षेत्रिय मानिन्थ्यो । एकबेला यस इन्डोआर्यन समाजमा ब्राह्मण, क्षेत्रिय र वैश्य गरी जम्मा तीन वर्णमात्र थिए । राजा र ब्राह्मणको आपसी झगडाले गर्दा शुद्रको जन्म भयो । सबैबाट वञ्चित गराए पश्चात उनीहरूको स्थिति यति विग्रियो कि उनीहरू वैश्यपछि चौथो वर्णमा झरेः ई.पू. ५०० को आसपासमा आइपुग्दा हिन्दू समाजमा उनीहरू 'अछूत' घोषित गरिए (छुवाछूत प्रथाको उत्पत्ति, २०५३) ।

त्यसैगरी माथिका सिद्धान्तहरूले चाहिँ शुद्र वर्णको उत्पत्ति त बताउन सक्छ तर डोमकै उत्पत्ति चाहिँ खोजको विषय हुनसक्छ । नेपाली वृहत शब्दकोषले डोमको चाण्डाल पर्याय लेखेको छ । यसरी चाण्डाल र डोमलाई पर्यायको रुपमा लिंदा भने मनुस्मृतिमा चाण्डाल भनेको शुद्र वर्णको पुरुष र ब्राह्मण वर्णकी कन्याबाट जन्मेको व्यक्ति भनेर उल्लेख गरिएको छ ।

यस अध्ययनमा पर्सा जिल्ला वीरगंज उपमहानगरपालिकाको खासगरी वडा नं. १ र ९ का ४७ घरधुरीका ३३७ जना डोमहरु नमुना छनौट जनगणना विधि अन्तर्गत लिइएका छन् । जसमा १६६ जना पुरुष छन् भने १७१ जना महिला रहेका छन् । जहाँ हालसम्म यिनीहरुको सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक तथा शैक्षिक अवस्थामा आएको परिवर्तनलाई विस्तृत अध्ययन नगरिएको हुँदा यस अनुसन्धानकर्ताले उनीहरुको परम्परागत जीवनयापनका तौरतरिका साथै उक्त परम्परागत जीवनयापनका तौरतरिकामा परिवर्तन ल्याउने कारण र उक्त परिवर्तनले पारेका सामाजिक-साँस्कृतिक, आर्थिक, राजनैतिक प्रभावलाई खोतल्ने प्रयास गरेको छ ।

यो अध्ययन खासगरी वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ जहाँ प्राथमिक तथ्याङ्क (Primary Data) को सहयोगबाट सूचना संकलन गरिएको छ भने सहयोगको लागि दोश्रो तहको तथ्याङ्क (Secondary Data) को पनि प्रयोग गरिएको छ । त्यसको अलावा प्रश्नावली, अन्तर्वार्ता, मुख्य सूचनादातासँगको अन्तर्वार्ता, अवलोकन, व्यक्तिगत अध्ययन तथा सामुहिक छलफलबाट समेत तथ्याङ्क संकलन गरिएको छ ।

डोमहरुको पारिवारिक अवस्थालाई हेर्ने हो भने दुई प्रकारका पारिवारिक अवस्था थाहा पाउन सकिन्छ जुनः एकल परिवार र संयुक्त परिवार छन् । हाल डोमहरु संयुक्त भन्दा पनि एकल परिवारमा बस्न थालेका छन् । अध्ययन क्षेत्रमा धेरै कम डोमहरु मात्र संयुक्त परिवारमा बसेको पाइयो । नमुनामा परेका ४७ घरधुरी मध्ये ६१.७०% परिवार संयुक्त परिवार देखिए भने ३८.३०% परिवार एकात्मक देखिए । शैक्षिक अवस्था हेर्ने हो भने हाल पनि उक्त ठाउँमा अनपढको प्रतिशत ८१.७६% रहेको छ, साक्षर १३.५१ %, निम्न माध्यमिक तहमा ४.०५% मात्र रहेको छ भने एस.एल.सी सम्म ०.६८ % ले अध्यन गरेका छन् । हाल पहिलाको तुलनामा महिलालाई पढाउने अभिभावकको सङ्ख्या बढेको पाइन्छ । पहिले स्कूलनै नपठाउने अभिभावकहरुले अहिले छोरा-छोरीलाई पनि पढाउनुपर्दछ भन्ने धारणा राखेको पाइन्छ ।

नेपाली समाजमा सबै जातजातिहरूको अर्थतन्त्र मिश्रित पेशामाथि निर्भर रहेको पाइन्छ । यो मिश्रित अर्थतन्त्र भित्र कृषि, पशुपालन र जातीय परम्परागत पेशा पर्दछन् । डोम समुदायको पनि अर्थव्यवस्था परम्परागत बाँसको काम, पशुपालनमा सुँगुर पालन र फोहर सरसफाइमा अडिएको छ ।

डोमहरूलाई चिनाउने पर्यायवाची शब्द कुनै छ भने त्यो हो 'बाँसमाली' अर्थात बाँसको माली वा बाँस सम्बन्धी काम गर्ने । यिनीहरूको परम्परागत पेशा नै बाँसको काम हो अर्थात बाँस जन्य सामग्रीको उत्पादन जस्तैः पङ्खा सुकुल (चटाई), डालो, नाङ्गलो, आदि तर पूँजीवादी विश्व व्यवस्थाको प्रभाव स्वरुप बाँसको कामले मात्र गुजारा नचल्ने भएकोले सरसफाइ सम्बन्धी कामको थालनी ५० बर्ष यता आएर भएको तथ्य जानकारीमा आयो । तथापि शौचालय आदि सफा गर्नका निमित्त प्राचिन जातीय विभाजनकारीले मधेशतिर 'हलरखोर' भन्ने जाति तैयार गरिएको थियो । तथापि अब डोम र हलखोरमा कामको त्यस्तो विभाजन हाल छैन ।

पशुपालनमा सुँगुरपालक जातिका रुपमा प्रख्यात यी जाति वा समुदायको घरपरिवार धान्ने प्रमुख आर्थिक स्रोतका रुपमा सुँगुरपालनलाई लिन सकिन्छ । अध्ययन क्षेत्रको ४७ घर परिवार मध्ये १४ घर परिवारले सुङगुर पालन गरेको पाइयो जुन सङख्याको २९.७९% हुन आउँछ । जातिगत हिसावले नै डोम कृषकहरू मध्ये खेती गर्ने होइन बरु पशुमा सुङ्गुर पालक हो । त्यसैले यस अध्ययन क्षेत्र भरिको डोमहरूको कसैको पनि खेतीका लागि भूमि छैन । कृषिका लागि भूमि नहुनु भन्दा पनि भएको सिमीत भूमिको पनि लालपूर्जा नभएको

तथ्य अनुशन्धानको दौरानमा भेटियो । ४७ घरधुरीमा गरिएको अध्ययनमा १९ जनाको मात्रै आफ्नो घडेरीको लालपूर्जा  छ भने २८ जनाको घडेरीको लालपूर्जा नभएको पाइयो ।

डोमहरू विशेषतः वीरगंज उपमहानगर क्षेत्रभित्रकाहरूको जीविकोपार्जनको मुख्य साधन नै सरसफाइबाट आएको रकम वा ज्याला हो । डोमहरूले सरसफाइका लागि भनी वी.उ.म.न.पा कार्यालय जि.वि.स. लगायत अन्य कार्यालयहरू मा जागिर पाएका छन् । उनीहरूले सरसफाइ अर्न्तगत कार्यालय परिसर सफा राख्ने, नगर क्षेत्र सफा राख्ने, नाला ढलहरू सफा राख्ने आदि जस्ता सरसफाइसँग सम्बन्धित कामहरू पर्दछन् । यी सरसफाइका लागि राखिएकाहरू धेरैलाई ज्यालादारी र केहीलाई मात्र स्थायी गरिएको छ ।

यस अध्ययन क्षेत्रमा ४७ घरपरिवार मध्येका ४४ घरमुलीहरूले सरसफाइका लागि वी.उ.म.न.पा कार्यालय, जि.वि.स. लगायत अन्य कार्यालयमा जागिर पाएका छन् ।

अध्ययन क्षेत्रका डोमहरुको जीवनयापनको बारेमा थाहा पाउने अर्को प्रमुख स्रोत तिनीहरुको आम्दानी हो । अध्ययन क्षेत्रका डोमहरुको आम्दानी एकदमै न्यून रहेको छ । जहाँ वार्षिक रु २५,००० सम्म कमाउने डोमहरु २१.२८% रहेको पाइयो भने वार्षिक रु ५०,००० सम्म कमाउने ४०.४२% छन् र रु ५०,००० भन्दा माथि कमाउने ३८.३०% रहेका छन् ।

अध्ययन क्षेत्रका डोमहरुले यसरी परम्परादेखि नै आफ्नो जीवन गुजारा गर्नको लागि विभिन्न पेशा र तरिका अपनाउँदै आउने क्रममा विगत १० वर्ष यता यसमा परिवर्तन भएको छ । अब भने उनीहरुकले आफ्नो परम्परागत जीविकोपार्जनको तरिकालाई छोड्दै नयाँ-नयाँ अवसरको खोजी गर्ने, नयाँ-नयाँ पेशा अवलम्बन गर्न थालेका छन् ।

यसरी वीरगंज उपमहानगरपालिका वडा नं. १ र ९ का डोमहरुको जीवनयापनमा आएको परिवर्तनले उनीहरुको सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक विभिन्न पक्षमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पारेको पाइन्छ जसमध्ये कोही उनीहरुको लागि लाभप्रद हुन् भने कोहीलाई उक्त प्रभाव परेको छैन । तर जे भए पनि पहिलाको तुलनामा उनीहरुमा बढेको सचेतना, आत्मविश्वास, आत्मबल तथा जागरण भने बढेको छ । तर उक्त समाजमा आधुनिकीकरण, संस्कृतीकरण तथा देखावटीले भित्रिएको फेसन, पारिवारिक मर्यादा घट्नु, एकल परिवार,  अनावश्यक खर्च बढ्नु, परम्परागत पेशा तथा कला लोप हुँदै जानु आदि केही नकारात्मक असरहरु पनि यो परिवर्तनले डोमहरुको जनजीवनमा पारेको छ ।

## ८.२ निश्कर्ष

जीवनयापन भनेको कुनै पनि वातावरणमा तथा समय र परिस्थितिसंग समायोजन हुने प्रक्रिया हो । हरेक समाजमा परिवर्तन निरन्तर हुने प्रक्रिया हो जुन समाज र वातावरणको निर्देशन अनुसार चल्दछ । यस परिच्छेदमा अध्ययनको प्राप्ति वा मूलभूत निष्कर्षलाई तल प्रस्तुत गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य भनेको वीरगंज उपमहानगरपालिका वडा न. १ र ९ का डोमहरुको परम्परागत जीविकोपार्जनका तौरतरिका पत्ता लगाउने साथै उक्त परम्परागत जीविकोपार्जनका तरिकामा परिवर्तन ल्याउने कारण र उक्त परिवर्तनले उनीहरुको जनजीवनमा पारेको प्रभावको चर्चा गर्नु हो ।

डोमहरु आफ्नो परम्परादेखि नै बाँसको काम गर्ने तथा सुँगुरपालक एक जाति हो । उनीहरु परम्परादेखि नै बाँसको काम अर्थात बाँसजन्य सामग्रीको उत्पादन जस्तैः पङ्खा सुकुल (चटाई), डालो, नाङ्गलो, आदि बनाई तथा सुँगुर पालन गरी त्यसलाई स्थानीय स्तरमा बेची खर्च चलाउने अनि साना झुप्राहरु बनाई आफ्नो जीवन निर्वाह गर्दथे ।

शताब्दीऔंदेखि सामाजिक विभेदको शिकार बनिनु, जमीनको उपलब्धता नहुनु र सीमित आयले गर्दा अन्य आर्थिक क्रियाकलापको सहायता लिन थाले जस्तै फोहर सरसफाइ, नोकरीसेवा, ड्राइभिङ्ग, वैदेशिक रोजगार जसले गर्दा उनीहरुको अवस्थामा परिवर्तन आइरहेको छ । यद्यपि डोमहरु, कडा परिश्रमी छन् तर पनि अशिक्षित र गरीब छन् । हाल अध्ययन क्षेत्रमा भएका केही प्रत्यक्ष सुविधाहरु जस्तै शिक्षाको सुविधा, स्वास्थ्य सुविधा, यातायात, सडक, खानेपानी, विद्युत आदि भए तापनि ती सबै क्षेत्रबाट उनीहरुले फाइदा उठाउन भने सकिरहेका छैनन् तर पनि विगत १०-२० वर्ष अगाडि विकासका यी क्रियाकलापमा उनीहरुको उपस्थिति शुन्य नै थियो भने हाल केही प्रतिशत भए पनि बढेकोछ । जसबाट डोमहरुमा निरन्तर परिवर्तन हुने क्रम जारी छ । फलस्वरूप उनीहरुको सामाजिक-साँस्कृतिक, आर्थिक तथा राजनीतिक जीवनमा उतारचढाव ल्याइरहेको छ ।

समग्रमा भन्नुपर्दा आजभन्दा १० वर्ष अगाडिको सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक तथा शैक्षिक स्थितिमा अध्ययन क्षेत्रमा डोमहरुमा पक्कै पनि परिवर्तन आएको छ । कुनै परिवर्तन डोमहरुले चाहेर आएको छ भने कुनै नचाहँदा नचाहँदै पनि आफसेआफ आएको छ । यसरी आएको परिवर्तनले अन्ततः डोमहरुको चेतना धारणा, सोच, खानपान, रहनसहन, भेषभूषामा परिवर्तन ल्याउनुको साथै राजनीतिक रुपमा जागरण पनि थपिदिएको

छ । नयाँ पुस्तामा बढेको शैक्षिक जागरण र जनचेतनाले गर्दा उनीहरुले विस्तारै आफ्नो परम्परागत  जीवन प्रणालीलाई छोड्दैछन् । मानिस तथा परिवारमा बढी उत्पादन गर्ने र बढी लाभ लिने मनसायले समाज व्यक्तिवादितिर उन्मुख छ । युवा वर्गमा बढ्दो चेतना तथा बजारमुखी दिनचर्या, आधुनिक तथा देखावटी लवाइखवाइ जस्ता क्रियाकलापले बृद्धवर्ग र युवावर्ग बीच दुरी ( पुस्तान्तरण ) बढेको छ । जसले पारिवारिक मर्यादा घटाउँदै लगेको छ भने एकल परिवार निर्माण हुने क्रम बढ्दो छ । हाल अध्ययन क्षेत्रका डोमहरु परिवर्तनको संघारमा उभिएका छन् । परम्परागत जीवनपद्धतिसँग पनि उनीहरु गाँसिएका छन् जसको संरचना भत्किन लागेको छ भने नयाँ आधुनिक र पूँजीबादी जीवनशैलीलाई पनि पूर्णरुपमा धान्ने अवस्था नबनिसकेको कारण डोम समाज एक द्वन्द्वात्मक अवस्थाबाट गुज्रिरहेको छ । फलस्वरूप उनीहरूका धार्मिक विश्वास, मूल्य मानयता, खानपान र भेषभूषामा क्रमश परिवर्तन भइरहेको छ ।

## अध्ययन क्षेत्रका केही तस्विरहरु



क) डोम महिला बाँसको काम गर्दै



ख) शोधकर्ता डोम महिलाहरु सँग



ग) डोमको एक घर



घ) दोकान खोली बसेका डोम युवक र ग्राहक



ङ) डोमले पालेका सुँगुर

## सन्दर्भ सुची

कप्लान, ए पेट्रिका (१९७२), **प्रिष्ट एण्ड कोब्लार्सः ए स्टडी अफ सोसिइल चेन्ज इन ए हिन्दू भिलेज इन वेष्ट नेपाल,** लन्डनः इनटेक्स पब्लिसर ।

खत्री, प्रेमकुमार (२०५०), **नेपाली समाज र सँस्कृति,** काठमाडौं : साझा प्रकाशन ।

गौतम, राजेश / थापा मगर, अशोक ( १९९४), **ट्राइवल इथ्नोग्राफी अफ नेपाल**, भोलम १,२, दिल्ली : बुक फेथ इन्डिया ।

झा, हरिवंश (१९९८), **तराई दलित्स,** एकसन एड नेपाल ।

ठाकुर, दिगम्बर (२०५९), **रौतहट जिल्लाको डुम जातिको सामाजिक, संस्कृतिक तथा आर्थिक अवस्थाको एक अध्ययनः** अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस, त्रि.वि. काठमाडौं ।

तामाङ्ग, सिताराम (२०५७), **मार्क्सवाद र नेपालमा जनजाति आन्दोलन,** काठमाडौं, प्रगति पुस्तक सदन ।

**दलित उत्थान संरक्षण सम्बन्धि विधेयक,** २०५९ ।

प्रधान, पि.आर (२०५६) **नेपाल अधिराज्यको संविधान** ।

पाण्डेय, मधुसूदन (२०६४), **नेपालका दलितहरू**, काठमाडौं : पैरवी प्रकाशन ।

पाण्डे, रामनिवास / रेग्मी, दिनेशचन्द्र (२०५४), **नेपालको पौराणीक इतिहास,** काठमाडौंः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि ।

**वृहत नेपाली शब्दकोष**, ने. रा. प्र. प्र ।

विशुन्खे, विनोद / विश्वकर्मा, मणीलाल (२०६५) **नेपालमा डोम र मेश्तर जातिको अवस्था,** दलित जनकल्याण युवा क्लब लाहान, सीरहा ।

विष्ट, डोरवहादुर (२०३०), **सबैजातको फूलवारी,** काठमाडौंः साझा प्रकाशन ।

म्याकडोनाल्ड, ए.डब्लु (१९७५) **एस्से अन द इथोनोलोजी अफ नेपाल एण्ड साउथ एशिसया**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

मजुमदार, डि.एन. (१९४४ई), **रेस एण्ड कल्चर अफ इन्डीया,** देहरादुनः आइ.सि.एस. ट्रेनिङ्ग सेन्टर ।

**मनुस्मृति** (२०६०), वाराणसी : चौखम्बा सँस्कृत संस्थान ।

**राष्ट्रिय दलित आयोग स्थापना गर्न बनेको विधेयक,** २०५९ ।

स्टाटिकल पकेट बुक (२००४), काठमाडौंः **केन्द्रीय तथ्याङ्क विभाग** ।

सूचना तथा संञ्चार मन्त्रालय (१९७४), **मेची देखि महाकालीसम्म** ।

शर्मा, जनकलाल (२०३९), **हाम्रो समाज एक अध्ययन**, काठमाडौंः साभ्का प्रकाशन ।

शर्मा, जनकलाल (२०४३), **हाम्रो समाज एक अध्ययन**, काठमाडौंः साभ्का प्रकाशन ।

हफर, एण्ड्रेस (१९७९), **दी काष्ट हाइरारकी एण्ड स्टेट इन नेपालः ए स्टडी अफ मुलुकी ऐन अफ १८५४ ई,** इन्सब्रुकः युनिभर्सिटिज भरलग बागनर ।

नेपाल सरकार राष्ट्रिय दलित आयोग (२०६६), **नयाँ नेपालमा दलित**

**अनौवचारिक क्षेत्र सेवा केन्द्र २०५३ नेपालमा जातिय छुवाछूत, काठमाण्डौंः कलङ्की, स्युचाटार**

Bhurtel, B, 2007. **Changing livelihood strategies of Kumals living in phokhara vally of western Nepal**. Unplublised Dissertation T.U.

DFID, 2000. **Sustainable livelihood guidance sheet**, Department for international Devlopment.

Pokharel S.K and et. al. 2006. **Changing livelihood strategies of the dalit:** *A case study in the pokhara vally.* CNAS journal vol.33.

Zelliot Eleanor 1992. **From Untouchable to Dalit Essays on the Ambedkar Movement,** Manohar publishers and distributors, New Delhi

CBS, (2011), Statiscal year book of Nepal, Kathmandu

# त्रिभुवन विश्वविद्यालय

## समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग

## किर्तिपुर, काठमाण्डौ

"बदलिदो जीविकोपार्जनः पर्सा, वीरगंजका डोमहरुको एक समाजशास्त्रिय अध्यायन" नामक शोधपत्र लेखनका लागि तयार पारिएको प्रश्नावली

## अनुसूची १

### क) घरधुरी सर्वेक्षणको प्रश्नपत्र

१. घर नं. :-

२. उत्तरदाता :-

(क) नाम :- (ख) उमेर :-

(ग) लिङ्ग :- पुरुष/महिला (घ) धर्म :-

(ङ) पेशा :-

३. घरमुली :

(क) नाम :- (ख) उमेर :-

(ग) लिङ्ग :- पुरुष/महिला (घ) धर्म :-

(ङ) पेशा :-

४.  उत्तरदाताको पारिवारिक विवरण :

| क्र. सं. | नाम | घरमुलीसँग को नाता | उमेर | वैवाहिक स्थिति | मुख्य पेशा | | शिक्षा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | १० वर्ष अगाडि | वर्तमान | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

५. बीरगंज बसेको कति पुस्ता भयो ? .

१) एक  २) दुई  ३) तिन  ४) थाहा छैन

६. घरको प्रकार कस्तो हो ?

१) पक्की  २) अर्ध कच्ची  ३) कच्ची

७. घरको स्वामित्व कस्तो हो ?

१) निजी  २) बाहाल  ३) अन्य..............

८. घडेरी को प्रकार कस्तो हो ?

१) रैकर २) गुठी ३) ऐलानी ४) अन्य

९. तपाइसँग यो जग्गाको लालपुर्जा छ ?

१) छ २) छैन

१०. कृषिका लागि भूमि छ ?

१) छ २) छैन

११. तपाईसँग गाइवस्तु छ कि छैन ? यदि छ भने तलको विवरण दिनुहोस् ।

| **भैंसी** | **गाइ** | **खसी/बाखा** | **सुंगुर/बंगुर** | **कुखरा** | **हाँस** | **अन्य** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१२. तपाईले गाइवस्तुको उत्पादन बेच्नुहुन्छ ? यदि बेच्नुहुन्छ भने तलको विवरण दिनुहोस् ।

| **उत्पादन** | **दुध लि.** | **मूल्य रु.** | **मासु (किलो)** | **मूल्य रु.** | **अन्य** |
|---|---|---|---|---|---|
| भैंसी | | | | | |
| गाई | | | | | |
| खसीबाखा | | | | | |
| सुँगुर/बंगुर | | | | | |
| हाँस/कुखुरा | | | | | |
| अन्य | | | | | |

१३. तपाइले वार्षिक आम्दानी के बाट कति गर्नुहुन्छ ?

| आम्दानी स्रोत | रुपैया |
|---|---|
| कृषि | |
| पशुपालन | |
| ज्याला | |
| व्यापार | |
| नोकरी | |
| शौचालय सरसफाई | |
| अन्य | |

१४. घरको आय स्रोतले नपुग्दा कामको खोजीमा कहाँ सम्म पुग्नु हुन्छ ?

१) गाँउ छिमेक तिर  २) जिल्ला भित्र  ३) जिल्ला बाहिर  ४) देश बाहिर

१५. महिलाको नाममा कुनै सम्पत्ति छ ?

१) छ  २) छैन

१६. भए, तलको मध्ये कुन कुन छन् ?

१) घर  (क) छ  (ख) छैन

२) जमिन  (क) छ  (ख) छैन

१७. घरमा जागिरे महिला छन् ?

१) छन्  २) छैनन्

१८. भए, कुन पदमा ..........................

१९. तपाइहरुको पिउने पानीको स्रोत के हो ?

१) चापा (हाते) कल  २) धारा  ३) इनार  ४) अन्य

२०. खाना पकाउन कुन इन्धन प्रयोग गर्नु हुन्छ ?

१) काठ २) मट्टितेल ३) ग्याँस ४) अन्य

२१. प्रकाशका लागि कुन इन्धन प्रयोग गर्नु हुन्छ ?

१) विद्युत २) मट्टितेल ३) अन्य

२२. तलका कुन सुविधाहरु तपाइहरुसँग छन् ?

१) रेडियो २) टि.भि. ३) साइकल ४) मोटरसाइकल

५) टेलफिोन ६) रेफ्रिरेजेटर ७) माथिका कुनै छनैन्

२३. रोगको उपचार गराउन कहाँ जानु हुन्छ ?

१) अस्पताल २) धामीझाक्री ३) अन्य,…………………

२४. घरमा चर्पी छ ?

१) छ २) छैन

२५. दिसा गरेपछि के ले हात धुनु हुन्छ ?

१) धुइन्छ २) धुइदैन

२६. विवाह कति उमेरमा भएको थियो ?

१) १-५ वर्ष २) ५-१० वर्ष ३) १०-१५ वर्ष ४)१५-२० वर्ष

२७. श्रीमतीको उमेर कति थियो ?

१) १-५ वर्ष २) ५-१० वर्ष ३) १०-१५ वर्ष ४)१५-२० वर्ष

२८. परिवार नियोजनको साधन प्रयोग गर्नु हुन्छ / गर्नु भएको छ ?

१) छ २) छैन

## विशिष्ट प्रश्नावली

१. डोम जातिको उत्पत्ति कसरी हुन गएको हो ?

२. डोम जातिको गोत्र के हो ?

३. यो जातिको  कुल देवता के हो ?

४. मुख्य देवी देवताको पूजा विधि के हो ?

५. मुख्य चाडपर्व कुन कुन छन् ?

६. मुख्य संस्कार (जन्म र मृत्यु) कसरी  सम्पन्न गरिन्छ ?

७. बाल विवाह बारे तपाइको विचार के छ ?

८. डोम जातिमा अन्तर्रजातिय विवाह हुने गरेको छ भने त्यसबारे जानकारी गराउनुहोस ।

९. बाँसबाट वा अन्यबाट परम्परा गत सामान वनाउन दैनिकी कति पुँजी लगानी हुन्छ ?

१०. वर्तमान समयमा परिवर्तित पेशा अपनाउनुको कारणहरु के हुन ?

११. तपाईको बाबु-बाजेको सम्पती के कति थियो ?

१२. बाबु-बाजेको सम्पती अझै छ कि छैन ?

१३. बाबु-बाजे सँग मोही जग्गा थियो कि थिएन ?

१४. कमाई बाट परिवारलाई दैनिक खान पुग्छ कि पुग्दैन ?

१५. ऋण लिनुहुन्छ कि हुन्न र लिदा के आधारमा लिनुहुन्छ ?

१६. समाजमा छुवाछूत पहिलेको तुलनामा बढेको छ या घटेको छ ?

१७. डोम जातिको उत्थान कसरी हुनसक्छ ? यसका लागि  सामाजिक, आर्थिक न्यायिक प्रशासनिक  सुधारबारे सल्लाहा सुझाव दिनुहोस् ?

**धन्यबाद**